## अध्याय एक

# शोध परिचय

### १.१) शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "रोल्पा समाचार साप्ताहिकको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन" रहेको छ ।

### १.२) शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्र्तगत स्नात्तकोत्तर तह एम.एड. दोस्रो वर्षको नेपा शि. ५९८ को आवश्यकता पूर्तिको प्रयोजनको लागि रहेको छ ।

### १.३) परिचय/पृष्ठभूमि

सामान्य अर्थमा नयाँ कुराहरू पत्ता लगाउने कार्य नै अनुसन्धान हो । अनुसन्धानको पर्यायवाची शब्दको रूपमा शोध,अन्वेषण, गवेशण जस्ता शब्द प्रयोग भएका पाईन्छ् ।

अनुसन्धान तत्सम शब्द हो। अनु+सम्+धा+अन् मिलेर अनुसन्धान शब्दको निमार्ण हुन्छ ।यसको शाब्दिक अर्थ कुनै पनि  विचार, धारणा वा बिचारका सम्बन्धमा राम्ररी खोज गर्नु भन्ने हुन्छ । अनुसन्धानले गहिराई मापनगरी वास्तविकता पत्ता लगाउछ ।

शोध शब्द संस्कृत भाषावाट आएको हो । शुध धातुमा घञ्(अ)प्रत्यय लागेर शोध शब्दको निमार्ण हुन्छ । शोधको शाब्दिक अर्थ खानु,  शुभपार्नु, निर्मल बनाउनु भन्ने हुन्छ । शोधले कुनै पनि तथ्यलाई परिमार्जन गरी मानक बनाउछ ।

अनुसन्धान अङ्ग्रेजी शब्दResearchको नेपाली समानार्थी रूप हो ।search(खोज)शब्दमा Re (फेरि) उपसर्ग लागेर Research शब्दको निमार्ण भएको हो । जसको शाब्दिक अर्थ पटक-पटक दोहोऱ्याएर खोजी गर्नु भन्ने हुन्छ ।

यसरी संस्कृत तथा अङ्ग्रेजी भाषावाट अनुसन्धान, शोध, अन्वेशण र Researchको समान अर्थ पाईन्छ । अनुसन्धान भनेको व्यवस्थित तरिकाले प्रक्रिया पुऱ्याई नयाँ तथ्य पत्ता लगाउनु हो ।अनुसन्धानका सम्बन्धमा केही परिभाषाहरू निम्न छन् :

बढी औपचारिक, ज्यादै व्यवस्थित र गहन विश्लेषणको वैज्ञानिक विधि अँगाल्ने प्रक्रियालाई अनुसन्धान भन्निन्छ (शर्मा र लुईटेल,२०६६:३)।

नेपाली बृहत शब्दकोशले अनुसन्धानको अर्थ कुनै कुरा खोज्ने वा पत्ता लगाउने, नयाँ सत्य र तथ्यको खोजी(पोखरेल र अन्य २०६७:४३)भनिएको छ ।त्यस्तै प्रयोगात्मक नेपाली शब्दकोशले कुनै कुराको खोज, जाँचबुझ,छानविन,जाँचपडताल,खोजपूर्ण अध्ययन, अन्वेषण शोध(अधिकारी र भट्टराइ२०६६:२९)भनेर यसको अर्थ दिइएको छ ।

यसरी फरक परिभाषा र शब्दका शाब्दिक अर्थका आधारमा भन्दा अनुसन्धान भनेको पुराना कुराको पुनः अध्ययनवाट नयाँ तथ्य पत्ता लगाउनु हो । यो व्यवस्थित र वैज्ञानिक हुन्छ ।यसले निश्चित क्षेत्रमा उठेका समस्यालाई समाधान गर्न सकिन्छ ।

तसर्थ यस अनुसन्धानमा सूचनामूलक समाचार, साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषालाई विषयगत भाषाको रूपमा लिएर अध्ययन गरिएको छ ।

**१.४) समस्या कथन**

अनुसन्धानका निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धेय विषय बस्तुलाई नै समस्याको रूपमा प्रस्तुत गरिन्छ ।शोध भित्र रहेका समस्याहरूवाट मात्र समाधानमा सम्भव हुन्छ ।तसर्थ छनौट भएको शोधशीर्षक अर्न्तगत मुख्य-मूख्य समस्या वा प्रश्नहरू तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्या कथन हो । उल्लेखित शीर्षकको सोपक्षतामा भन्नुपर्दा रोल्पा समाचार साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन नै यस शोधकार्यको समास्याको विषय बनेको छ ।

सम्पादकीय स्तम्भ जनुसुकै पत्रिकामा पनि रहन्छ । सम्पादकीय पत्रिकाको स्थायी स्तम्भ पनि हो । प्राय सम्पादकीयमा समसामयिक विषयबस्तु वा घटनाका सम्बन्धमा प्रकाशन संस्थाको नीति वा विचार ब्यक्त गरिन्छ । सम्पादकीयलाई पत्रिकाको सिद्धान्त पनि भनिन्छ ।

सम्पादकीयमा झुक्कीएर समस्यामूलक लेख लेख्न पाइदैन । यो सामान्य पाठकले सजिलैसंगै बुझ्न सकिने भाषामा लेखिनु प्रर्दछ ।छोटो स्पष्ट र समसामाहिक हुनु पर्दछ ।

नेपाली भाषामा आधुनिकीकरणका कयौ प्रयासहरू भएता पनि भाषाको प्रयोगको सन्दर्भमा मानव रूपको निधारर्ण भएसकेको छैन् । फलस्वरूप नेपाली समाचारपत्रहरूमा भाषाको प्रयोगमा विविधतता रहेको पाइन्छ । जसको कारण सामाचार पत्रहरूमा आफ्नै ढाँचा रुचि र इच्छाले भाषाको प्रयोग गर्ने प्रचलन रहेको छ । यसै सन्दर्भमा रोल्पा समाचार साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषालाई समस्याको रूपमा लिई अध्ययन गरिएको छ ।

प्रस्तुत अनुसन्धान पत्र विशेषगरी रोल्पा समाचार पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको निम्नलिखित समस्यामा केन्द्रित भई तयार गरिएको छ ।

१) रोल्पा समाचार साप्ताहिक पत्रिकामा सम्पादकीय विषय वस्तु ,ढाँचा, शैली र शीर्षक के कस्ता संरचान लेखिएका छन् ?

२) उक्त समाचार पत्रको सम्पादकीयमा प्रयुक्त शब्दहरूमा शब्दभणडारको प्रयोग के कस्ता रहेका छन् ? (संरचना र स्रोतको आधारमा)

३) उक्त समाचार पत्रिकाको सम्पादकीयमा प्रयुक्त वाक्यहरूको वाक्य गठन के कसरी भएका छन ? (सरल, सयुक्त, मिश्र)

४) उक्त समाचार पत्रिकाको सम्पादकीयको प्रयुक्त भाषामा वाक्यकोटिको प्रयोग के कस्ता रहेका छन् ?

(लिङ्ग, बचन, पुरुफ काल, भाव, पक्ष, कारक)

## १.५) शोधकार्यको उद्देश्यः-

कुनै पनि शोधकार्यको उद्देश्य सम्बद्द शोध समस्याहरूको प्रमाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोधपत्रमा प्रस्तावित अध्ययन चाँहि कुन कुन उद्देश्य राखिएर गर्न खोजिएको हो भन्ने कुरा महत्वपूर्ण हुन्छ । कुनै पनि अध्ययन अनुसन्धान गर्ने भन्दा पहिले उद्देश्य किटान गर्नुपर्छ । विना उद्देश्य कुनै पनि काममा सफलता प्राप्त गर्न सकिदैन् । जुनसुकै अध्ययन अनुसन्धान पनि उद्देश्य अनुसार नै अगाडि बढेको हुन्छ र अनुसन्धान प्रत्यक्ष रूपमा सम्बन्धित रहेको हुन्छ । प्रस्तुत शोधपत्र अध्ययनको उद्देश्य रोल्पा समाचार साप्ताहिक

पत्रिकाको सम्पादकीय स्तम्भमा प्रयुक्त भाषाको शैली, शब्द भण्डार, वाक्यको प्रकार, वाक्यहरूको अध्ययन हो । जसलाई बुदाँगत रूपमा निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

क) रोल्पा समाचार साप्ताहिक पत्रिकाको संरचना, विषयबस्तु, शैली र शीर्षकको अध्ययन गर्ने,

ख) उक्त समाचार पत्रिकाको सम्पादकीयमा प्रयुक्त शब्दभण्डारको अध्ययन गर्ने,

ग) उक्त समाचार पत्रिकाको सम्पादकीयमा प्रयुक्त वाक्य गठनको अध्ययन गर्ने,

घ) उक्त पत्रिकाको सम्पादकीयमा प्रयुक्त वाक्यकोटिको अध्ययन गर्ने,

## १.६) पूर्वकार्यको पुनरावलोकन

भाषा मानव मात्रको विचार सम्प्रेषण गर्ने महत्वपूर्ण माध्याम हो । मानवीय व्यवहारको हरेक पक्षसँग प्रतयक्ष सम्बन्ध राख्ने नेपालीको भाषालाई राष्ट्रभाषाको रूपमा प्रयोग गरिन्छ ।

कुनै पनि कार्यको थालनी गर्नु पूर्व अनुसन्धानका क्रममा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएका कार्यको क्रमबन्द्ध रूपले समीक्षा गर्नु पर्ने नै पूर्वकार्यको सिंहावलोकन हो । अनुसन्धान गर्दा आफ्नो अध्ययन क्षेत्रसगै सम्बन्धित यस अघि भएका कार्यहरूको अध्ययन गर्नुपर्दछ । पूवकार्यको अध्ययन पछि मात्र आफ्नो कार्यबारे स्पष्ट भएका अध्ययनहरू कसरी गरिए ? के कस्ता विधि अपनाएर गरिए? अध्ययनका क्रममा के कस्ता विधि समस्याहरू देखा परे के कस्ता उद्देश्यमा केन्द्रित रहेर गरिए? भन्ने जस्ता कुराको अध्ययन र विश्लेषण पूर्वकार्यको पुनरावलोकनले समस्याको विशिष्टिकरण गर्न सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्ने प्राकल्पना निर्माण गर्न, त्रुटिबाट जोगिन, नयाँ प्रविधि अपनाउन विश्लेषणका आधार खोज्ने, सहयोग पुर्‍याउछ (शर्मा र लुइटेल, २०५२:२८) र पूर्वकार्यको अध्ययनबाट त्यसमा भएका कमीकमजोरी पत्ता लगाई त्यस बाट बच्न सकिन्छ भन्ने सबल पक्षको अनुसन्धान गरिन्छ । आफ्नो अध्ययनलाई अझै स्तरीय बनाउन सकिन्छ । पूर्व कार्यको अध्ययनबाटै नै समाचार पत्रहरूमा प्रयुक्त भाषाको अध्ययन सँगै सम्बन्धित अन्य के कस्ता विषयहरूमा शोधपत्र तयार गरि के कस्ता निष्कार्ष निस्किएको छ भन्ने कुराको जानकारी प्राप्त हुन्छ ।

सञ्चार माध्यम तथा समाचारपत्रहरूको विषयमा केही मात्रामा अध्ययन अनुसन्धान भएको पाइन्छ । यसमा पनि सञ्चारको भाषा सम्बन्धि अध्ययन नेपाली भाषा शिक्षा विभाग

अर्न्तगत जे जस्ता भएका छन ती प्रर्याप्त नहुन सक्छन् । तर समाचार पत्रिकाको विज्ञापन, कार्टुन, खेल, समाचार, निमन्त्रणापत्र तथा सम्पादकीय जस्ता विभिन्न स्तम्भहरूमा प्रयुक्त भाष सम्बन्धित अध्ययन कम मात्रामा भएको छन् ।

प्रस्तुत शोध पत्रको शीर्षक सँग सम्बन्धित विगतमा गरिएका अध्ययनका प्रयासहरूलाई सङक्षिप्त रूपमा चर्चा गरिएको छ । सञ्चार क्षेत्रमा प्रयोग हुने नेपाली भाषाको अध्ययनमा भएका कार्यहरू निम्न लिखित रहेका छन्।

(२०३३) पन्थीद्वारा नेपाली साहित्यको विकाशमा गोरखापत्रको योगदान शीर्षकमा अध्ययन गरिएको छ । नेपाली शिक्षण समिति स्नात्तकोत्तर तहको शोधपत्रको लागि तयार पारिएको यो शोधपत्रमा सम्बत १९५८ देखि १९९१ गोरखापत्रमा प्रकाशित भाषिक सामग्रीहरूमा प्रयुक्त भाषाको उदारण प्रस्तुत गरिएको छ ।

२०४०) कक्षपतिद्धारा विज्ञापनको नेपाली भाषा शीर्षकमा अध्ययन गरिएको छ । वि.स. २०३९ सालमा प्रकाशित मधुपार्क, गरिमा, रूपरेखा र गोरखाप जस्ता विभिन्न नौ वटा पत्रिकामा छापिएका विज्ञापनलाई नमुनाको रूपमा लिइएको छ । उक्त अनुसन्धानमा नेपाली विज्ञापनको स्थिति भाषिक प्रयोग, व्यावहारिक कोटी, सिद्धान्त सम्बन्धित चर्चा गरिएको छ ।

२०५७) घिमिरेले प्रयोजनपरक भेदका रूपमा समाचार पत्रिकाको शीर्षकहरूको अध्ययन नामक शीर्षकमा नेपाली केन्द्रिय विभागको मातहतमा रही शोध तयार पारेका छन् । हाम्रो दैनिक प्रयोग भाषा र समाचारपत्रको भाषामा समानता पत्तालगाउन शुद्धता र सरलताको ख्याललाई ठम्याउनु आदि उद्देश्य राखी २०४५ बैसाख देखी चैत्र सम्म प्रत्येक महिनाको ५९ वटा पत्रिकामा शीर्षकहरूको मात्र अध्ययन गरेको पाइन्छ ।

(२०६१) लामिछाने र अन्यद्धरा पत्रकारिता रूपरेखा पत्रकारिता समाचार लेखन तथा समीक्षा सम्पादकीय लेखन आदि विषयमा विचार प्रकट गर्ने लेख उल्लेखित छ । उक्त शोधमा सम्पादकीय लेखन, सम्पादकीयय लेखनका लागि आवश्यकताहरू सम्पादकीय आकार भाषा शैली र सम्पादकीयक लेखनका लागि नीति आदिको बारेमा उल्लेख गरिएको छ ।

२०६४) बरालद्धारा नेपाली समाचारपत्रहरूमा पाइएको वर्णविन्यास सम्बन्धि त्रुटिहरूको अध्ययन शीर्षकमा अध्ययन गरिएको छ । नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तहको

शोधपत्रको लागि तयार पारिएको यस अध्ययनमा काठमाडौंबाट प्रकाशित चारवटा नेपाली दैनिक समाचारपत्रहरू गोरखापत्र, कान्तिपुर, अन्नपूर्णपोष्ट, नयाँपत्रिका जस्ता पत्रिकामा अन्तरनिहित भई सात दिनका सात वटा अङ्कहरूलाई समावेश गरिएको छ । प्रस्तुत शोधपत्रमा तत्सम शब्दलाई ततसम, रूपमा नै लेख्ने तद्भव र आगन्तुक शब्दलाई नेपालीकरण गरी लेखन प्रर्नेमा कतिपय स्थानमा यसो नगरिएको तत्सम पञ्चम वर्णको प्रयोग गर्नुपर्ने नगर्ने, गरेपनि अनियमित रूपमा गरिएको चन्द्रविन्दुको प्रयोग नगरिएको, पदयोग र पदवियोग प्रयोगमा त्रुटि भएको निष्कर्ष निकालिएको छ ।

(२००८) खनालद्धारा आम सञ्चार र पत्रकारिता पुस्तकमा सम्पादकीय छोटो चिनारी दिदै सम्पादकीयको संरचनामा र सम्पादकीय लेख्दा ध्यान दिनु पर्ने कुराहरू प्रस्तुत गरेका छन् । खनालले सम्पादकीय लाई समाचारपत्रले कुनै पनि विषयबस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्ने विश्लेषणात्मक लेख हो । भनेका छन् । उनले सम्पादकीयले हटाउन सहयोग गर्ने, पाठकलाई शिक्षित गराउने नैतिकता एवम कर्तव्यबोध गराउने मनोरञ्जन प्रदान गर्ने, सुझाव सल्ललाह दिने, पत्रिकाको गुणस्तर मापन गर्ने, जनमत गर्ने, जस्ता काम गर्दछ भनेका छन् ।

(२०६६) नेपालद्वारा नेपाली समाचारपत्रको कार्टुन स्तम्भमा प्रयुक्त नेपाली भाषाको अध्ययनजसमा कान्तिपुर गोरखापत्र, नागरिक दैनिक, अन्नपूर्णपोष्ट एक महिनाको अङ्कहरूमा प्रयुक्त भएका कार्टुनमा प्रयुक्त भाषाको अध्ययन गरिएाके छ । उक्त अध्ययनबाट सोइको भन्दा घुमाउरो कथनको प्रयोग, वाक्यकोटी शब्द प्रयोग विविधता पाइने कुरा उल्लेख गरिएको शैलीका प्रयोग गरी मनोरञ्जनात्मक अभिव्यक्तिलाई स्पष्ट पारिएको छ ।

तिमल्सेनाद्वारा "गोरखापत्रको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ । उक्त अध्ययनमा गोरखापत्रको सम्पादकीय संरचना विषयबस्तु, शैली शीर्षक तथा सम्पादकीयमा प्रयुक्त भाषा, वाक्यप्रकार वाक्यकोटी र शब्दभण्डारको अध्ययन गरिएको छ । उक्त शोधबाट सम्पादकीयमा औपचारिक भाषाको प्रयोग गरिएको छ । जटिल, भुतकाल, सामान्यपक्ष र कृर्तवाच्यका वाक्यहरू बढी प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

शर्मा, ज्योत्सनाद्वारा "नागरिक दैनिकको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन" शोध शीर्षक नेपाली भाषा शिक्षा विभाग स्तात्तकोत्तर दोश्रो वर्षको शोध अर्न्तगत नागरिक

दैनिकको सम्पादकीय प्रयुक्त भाषाको अध्ययनमा नागरिक दैनिक पत्रिकाको सम्पादकीय शैली, संरचना शीर्षक, विषयबस्तु जस्ता भौतिक पक्षको अध्ययन सगै शब्दभण्डार वाक्याकोटी वाक्यका प्रकारहरूको अध्ययन गरिएको छ । उक्त अध्ययन मा तत्सम व्युतपन्न, भुतकालको भन्दा अभुतकाल समान्यपक्षको प्रयोग, कर्तृवाच्यको प्रयोग सकारात्मक वाक्यको बढी प्रयोग भएको निष्कर्ष निकालिएको छ । यसरी समाचारपत्रहरूको भाषाको प्रयोग सम्बन्धि केही अध्ययन तथा अनुसन्धान भएका छन् । उपयुक्त अध्ययनमा समाचारपत्रहरूमा भाषाको प्रयोग सम्बन्धि पूर्ण रूपको अध्ययन नभएकोले यस शोध कार्य अर्न्तगत रोल्पा समाचार पत्रिका साप्ताहिक सम्पादकीयमा प्रयोग भएको भाषाको विविध पक्षलाई लिएर अध्ययन विश्लेषण गरिएको छ ।

## १.७) अध्ययनको औचित्यः-

शोधपत्रमा शोधार्थीले आफ्नो गर्न लागेको शोधको औचित्य माथि प्रकाश पार्नु नै शोधको औचित्य हो । यसमा सम्बन्धित शोध कार्यका प्राक्षिक तथा अनुसन्धानत्मक आवश्यकता र उपयोगीता माथि प्रकाश पार्नु पर्छ र आफ्नो शोध कार्य सम्पन्न भइसके पछि त्यसबाट कसलाई कुन-कुन पक्षमा के कस्ता लाभ उपलब्धी वा सहयोग पुग्न सक्छ । सो बारेमा उल्लेख गर्नु पछ (अवस्थी २०६४: ३९ ।यस अध्ययनले विशेषगरी नेपाली संचार माध्यम भित्र स्थानीय समाचार वा पत्रिका सगैं सम्बन्धित पक्षलाई बढी महत्व दिइएको छ । त्यसै गरी यस अध्ययनबाट सम्पादकीय लेखको भाषा सम्बन्धि प्रयोगमा सम्पादकहरूलाई सहयोग पुग्नेछ । यस शीर्षकको अध्ययनबाट भाषाको अध्ययन तथा अनुसन्धान गर्ने जो कोहीलाई पनि थप सहयोग पुग्नेछ । सम्पादकीयलाई आदिकारिक पाठ्य शैक्षिक समग्रीको रूपमा प्रयोग गर्ने शिक्षक विद्यार्थीका लागि यस अध्ययन उपयोगी हुनेछ । रोल्पा समाचार साप्ताहिक सम्पादकीयमा प्रयुक्त भाषा सम्बन्धी जानकारी लिन चाहानेका लागि सहयोग मिल्ने छ । भाषााको शैलीको विश्लेषण, शब्दभण्डार, वाक्यकोटी तथा संरचना पक्षको जनकारी लिनका साथै समान्य भाषा संचारका भाषाको भिन्नता र सम्पादकीयको भाषाको जानकारी लिन उपयोगि हुनेछ । अध्ययनको औचित्यलाई थप स्पष्ट पार्न बुदाँगत रूपमा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

क)	रोल्पा समाचार पत्रिका संग सम्बन्धित सम्पादकीयलाई सहयोग पुऱ्याउने ।

ख)	उक्त अध्ययनबाट भाषा सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने व्यक्तिलाई सहयोग मिल्ने ।

ग)	रोल्पा समाचार पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन गर्ने चाहनेलाई विशेष सहयोग हुने ।

घ)	उक्त अध्ययनबाट सञ्चारको भाषा र अन्य भाषाको फरक छुट्याउन सहयोग हुनेछ ।

**१.८)	अध्ययनको सीमाः-**

रोल्पा समाचार साप्ताहिक पत्रिकाको सम्पादकीय प्रयुक्त भाषाको अध्ययन शोधकार्यलाई निम्नाअनुसार सिमाङ्कन गरिएको छ ।

क)	रोल्पा समाचार साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन सँग सम्बन्धित रहेको छ ।

ख)	प्रस्तुत अध्ययनमा रोल्पा समाचार पत्रको वि.स. २०६९ वैशाख महिनाको १५ गते देखि भाद्र १५ गते सम्मको  प्रत्येक महिनाको १० वटा साप्ताहिकको सम्पादकीयलाई लिएको छ ।

ग)	निम्न लिखित आधारमा मात्र रोल्पा समाचार पत्रिकाको सम्पादकीयको भाषाको अध्ययन रहेको छ ।

- वाक्यको प्रकार - सरल सयुक्त र मिश्र
- सम्पादकीयको संरचनामा विषयबस्तु शैली र शीर्षक
- पक्ष - सामान्य, पूर्ण, अपूर्ण र अभ्यस्त
- वाच्य - कर्तृ, कर्म र भाव
- शब्दभण्डार

संरचानको आधारमा व्युत्पन्न र अव्युत्पन्न स्रोतको आधारमा तत्सम, तद्भव र आगन्तु राखिएको छ ।

## १.९) अध्ययन विधिः-

कुनै पनि अनुसन्धानलाई पुरा गर्नको लागि पुर्व निर्धारित विधि एवम प्रक्रियाको पालना गरिनु पर्छ । अनि मात्र अनुसन्धानबाट आशाशित उद्देश्य सम्भव हुन सक्छ । हरके अनुसन्धानलाई सफल बनाउनको लागि अध्ययन विधिको स्थान उच्च रहन्छ । प्रस्तुत अध्ययनमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरि सामग्री सङकलन गरिएको छ ।

संकलित सामग्रीहरूलाई निष्कर्षमा पुऱ्याउनको लागि वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

### १.९.१) नमुना छनोट :-

प्रस्तुत शोधका लागि वि.स. २०६९ साल वैशाख १५ गते देखि २०६९ साल भाद्र १५ गते रोल्पा समाचार साप्ताहिक पत्रिकाको १० अङ्कलाई सम्पादकीयलाई नमुनाको रूपमा लिइएको छ ।

### १.९.२) तथ्याङ्क सङ्कलनको स्रोतहरूः-

प्रस्तुत शोध पत्रको तथ्याङक संकलनका स्रोतको रूपमा रोल्पा समाचार पत्रिकाको सम्पादकीयलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ । यस अध्ययनमा रोल्पा समाचार पत्रिकाको १० वटा अङ्कलाई समावेश गरिएको छ । यसका अतिरिक्त दृतीय स्रोतका रूपमा भाषा प्रयोग सम्बन्धि लेखिएका लेख, रचना, पाठ्यपुस्तक, शब्दकोष, सन्दर्भसामग्री विभिन्न विद्धत वर्गको सल्लाह र सुझावलाई दृतीय तथ्याङ्कको रूपमा प्रयोग गरिएको छ ।

### १.९.३) तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणः-

अनुसन्धानमा प्राप्त तथ्याङ्कहरूलाई प्रमाणको रूपमा प्रस्तुत गर्दै व्याख्या तथा विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा प्राथमिक स्रोतका रूपमा रोल्पा समाचार साप्ताहिक प्रत्रिकाको सम्पादकीयय प्रयुक्त भाषाको अध्ययन विश्लेषण गरिएको छ । सामग्री सङ्कलन पछि संङकलित सामग्रीको अध्ययन व्यवस्थापन वर्णन व्याख्या र विश्लेषण गरिएको छ ।

### १.१०) शोध पत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित तुल्याउनका लागि यस शोधलाई विभिन्न अध्यायमा विभाजन गरिएको छ। जसलाई निम्नानुसार उल्लेख गरिन्छ।

अध्याय एक - शोध परिचय

अध्याय दुई - सैद्धान्तिक पृष्ठभूमि

अध्याय तीन - रोल्पा समाचार पत्रिकाको सम्पादकीयको भौतिक पक्षको अध्ययन

अध्याय चार - रोल्पा समाचार पत्रिकाको सम्पादकीय प्रयुक्त भाषाको आन्तरिक पक्षको अध्ययन

अध्याय पाँच - निष्कर्ष र सुझावहरू

- सन्दर्भ सामग्री सूचि

- परिशिष्ट

## अध्याय-दुई

## सैद्धान्तिक अवधारण

भाषा सम्प्रेषणको प्रमुख माध्यम हो । व्यक्तिले आफ्ना विचार, अनुभव, संवेदनाहरू एकअर्कासंग साटासाट गर्नको लागि भाषाको प्रयोग गर्दछ । त्यसैले भाषालाई सशक्त माध्यमको रूपमा लिइएको छ । सञ्चारको सशक्त माध्यमको रूपमा रहेको भाषा सामाजिक सम्पर्कको प्रभावशाली माध्यम पनि हो । भाषाको काम व्यक्तिहरूका विच आपसी विचार विनमय गर्नु मात्र होइन । आपसमा आत्मीयता तथा समझदारी बढाउनु पनि हो ( अधिकारी २०६५:०९)। भाषा मानवीय वस्तु पनि हो ।मानववाहेक अरु प्राणीमा प्रभावकारी, सिर्जनात्मक र सम्प्रेषणात्मक रूपमा बिचारहरू आदन प्रदान गर्ने क्षमता हुदैन । भाषावाटै मानवले सञ्चार गर्दछ । यसवाट मात्र उ आफूले चाहेका जुनसुकै भाव, विचार इच्छा, वस्तु कार्य घटनावारे अभिव्यक्ति दिन र त्यसलाई बुझ्न सकिन्छ । ज्ञान विज्ञानका अनेक विधा र विषयका वारेमा जानकारी आदनप्रदान गर्न उ भाषाकै सहयोग लिन्छ , यादव र रेग्मी ) २०५९:०७ । भाषको माध्यमले नै मानिस आफ्नो सूचनाहरू प्रचार गरी ठूलो बनाउछ । मान्छे आफ्ना मष्टिकषमा उब्जेका कुरालाई अरु समक्ष पुऱ्याउन चाहान्छ । अरुबाट आफू पनि लिन चाहान्छ (ढकाल २०६३:०१)। भाषाले मानवीय व्यवाहारका विविध सन्दर्भहरूलाई समेतेको हुन्छ । ती विविध क्षेत्र, सर्न्दभ र विषयका विविध कोणवाट भाषालाई परिभाषित गर्ने गरेको पाईन्छ । ज्ञानका सबै साखा (मानवशाश्त्र, समाजशाश्त्र, साहित्य, दर्शन , भूगोल, मनोविज्ञान आदि ) ले आ- आफ्नो तरिककाले भाषालाई अर्थाएका छन । मानिसले जीवन जगतसम्वन्धी विशुद्ध ज्ञान राशिको प्राप्ति भण्डारण र हस्ताणतरण गर्न पनि भाषाकै प्रयोग गरिन्छ । सामाजिक अन्तरक्रिया तथा आफ्नो संस्कृतिको पक्षपोषण र निरन्तरताका लागि भाषाको सञ्चारण हुनुप्रदछ । यसरी भाष सासकृतिक सञ्चारणको साधन पनि हो । भाषा सञ्चारित हुनको लागि लिखित, मौखिक आदि आदि माध्यमको आवश्यकता प्रर्ने भएकोले यसको प्रयोग औपचारिक , अनौपचारिक जुनसुकै अवस्थामा पनि हुन्छ । नेपाली भाषा लामो इतिहास बोकेको भाषा हो । वि. स. १०३८ दामुपालको शिलालेखलाई नेपाली भाषाको आधार विन्दु मान्निछ । नेपाली भाषाको प्रयोग नेपाल लगायत नेपाल वाहिर पनि प्रयोग

गरिन्छ । ४८.६१% जनताको मातृभाषाको रूपमा रहेको नेपाली भाषा (२०५८ को जनगणना अनुसार शिक्षा कार्यालय सञ्चालनको भाषा प्रकाशनको भाषा तथा सामाजिक भाषाकोरूपमा रहेको छ । प्रयोग क्षेत्रमा विस्तार हुदै गएको नेपाली भाषा सूचनाको भरप्रर्दो वाहक समेत भइरहेको छ ।

## २.२) सञ्चारः-

सञ्चार भनेको दुई वा दुईभन्दा बढी व्यक्तिहरूका विच विचार, सूचना घटना वा सन्देशको आदन प्रदान गर्ने पक्रिया हो । अंग्रेजी भाषाको Communication शब्दको प्रर्यायवाची रूपमा रहेको सञ्चार शब्दको अर्थ साझापन वा साझा अनुभव भन्ने हुन्छ । कुनै विषय सँग सम्बन्धित सूचना जानकारी, सन्देश र अनुभूतिलाई स्पष्ट रूपमा अर्को व्यक्ति समक्ष पुऱ्याउनु संचार हो । संचारले सूचनाको विनियम वा साटासाट गर्ने कार्य लाई बुझाउदछ । संचार अर्थपूर्ण र साङ्केतिक हुन्छ ( अधिकारी २०६२:०४)। सञ्चारको उद्देश्य पनि सन्देशित गर्नु र आपसी समझदारी कायम गर्नु हो । त्यसैले संचार सूचनाका माध्यमबाट गरिने एउटा समाजिक अन्तरक्रिया हो । संचार लिखित, मौखिक, श्रव्यहरू, साङ्केतिक आदि हुन्छन् । एउटा सूचना दिने पक्ष (Sender) र अर्को सूचना लिने पक्ष (Recever) यी दुबै पक्ष जतिनै मात्रामा अन्तरक्रिया हुन्छ । त्यति नै संचार सहज अर्थपूर्ण र प्रभावकारी हुन्छ । प्रापकले सञ्चारका साधनबाट दिएका सन्देश प्रापकले बुझ्न सकेमा सञ्चार उद्देश्य र सफलीभूत हुन्छ (खनाल २००८:०१) । सञ्चारको साधनको सहायताले एक अर्कामा भाव र विचार बुझ्न सकिन्छ । पत्रपत्रिका, कम्पुयुटर, चलचित्र, रेडियो, टेलिभिजन, पोस्टर, पम्पलेट, माइक आदि सञ्चारका साधन हुन । यिनै साधनका माध्यामबाट लक्षित वर्गमा सन्देश पुऱ्याइन्छ । एक व्यक्तिबाट अर्को व्यक्ति वा समूहसम्म सङ्केत, लिपि, बोली, चिहन्, इशारा वा अन्य कुनै माध्यमबाट बिचार घटना एवम जानकारी पुऱ्याउने प्रक्रिया सञ्चार हो । सञ्चारलाई सूचनाको हस्तान्तरण प्रक्रिया मानिन्छ । एक व्यक्तिबाट अर्को व्यक्तिलाई सन्देश सम्प्रेषण गर्ने प्रक्रियालाई छोटकरीमा सञ्चार मानिन्छ ।

## २.३) आम सञ्चारः-

आम शब्दले धेरै वा ठूलो संख्यालाई र सञ्चार शब्दले एकबाट अर्को स्थानमा सन्देशहरू पुऱ्याउने प्रक्रियालाई जनाउँदछ । कुनै सूचना वा जानकारीलाई माध्यमको प्रयोग बाट आम जनता माझ एकै साथ पुऱ्याउन्छ । भने आम सञ्चार हो (अधिकारी २०६२:०७)।

कुनै माध्यमबाट व्यापक रूपमा सन्देशको प्रचार प्रसार गर्ने प्रक्रियालाई आम सञ्चार ( Mass Communication) भनिन्छ । यदि सञ्चारको माध्यमबाट कुनै पनि सूचना जानकारी वा विचार आम जनता माझ पुऱ्याईन्छ भने त्यो आम सञ्चार हो । आम संचारलाई जनमाध्यम (Mass Media) पनि भनिन्छ । लामिछाने, भुसाल र अन्य २०६१:०१ । आमसञ्चारद्धारा विशाल जनसमुदायले कुनै पनि सूचना वा जानकारी एकै चोटी पाउने अवसर प्राप्त गर्दछ । डेनिस म्याकवालले भनेका छन । आम संचारमा संगठन र प्रविविधको प्रयोगद्धारा ठूलो समूहमा छरिएर रहेको भिन्न भिन्न श्रोता, पाठक वा दर्शकमा सन्देश प्रक्षेषण गरिन्छ खनाल (२००८:२४)। मास कम्युनिकेसन डिक्सनेरी अनुसार आमसञ्चार भनेको व्यापक रूपमा सूचना सन्देशहरू भिन्न प्रकृतिका र भौगोलिक रूपमा तितरवितर भएका वा छरिएर रहेको स्रोता, पाठक दर्शक सामु सम्प्रेषण गरिने प्रक्रिया हो ( खनाल २००८:२४) ।आम सञ्चारको आम जनतालाई सु-सुचित बनाउने उनीहरूलाई विश्वमा भइरहेका घटना र विषयबस्तु बारे जानकारी गराउने । उनीहरूको जीवनमा परिवर्तनमा सुधार ल्याउने कार्य गर्दछ ।


## २.४) आमसञ्चार माध्यमः-

आमञ्चार माध्यम भन्नाले आम जनतालाई सूचना जानकारीहरू पुऱ्याउन प्रयोग हुने साधन बुझिन्छ (खनाल २००८:३३)। आम सञ्चारमाध्यम असंख्य मानिसलाई सन्देश सम्प्रेषण गर्नको लागि प्रयोग गरिन्छ । आम संचार माध्यमले भौगोलिक रूपमा छरिएर रहेका विविध खालका संस्कृति, रहनसहन, धार्मिक, सामाजिक, राजनीतिक आस्था सम्पूर्ण मानिसका बिच एकै पटक सन्देश पुऱ्याउने र उनीहरूलाई प्रतिविधित्व गर्ने क्षमता हुन्छ । वास्तवमा आमसञ्चार माध्यम त्यस्ता साधन वा औजार हुन जसले सम्पूर्ण जनताको विचमा द्रुतगतिमा सन्देश सम्प्रेषण पुऱ्याउने क्षमता राख्र्दछ ।

## २.४.१) सञ्चार माध्यमका किसिमः-

क)	छापा माध्यम

ख)	विद्युतीय माध्यम




स्रोत खनाल २००८:३६ ।

छापाखानाबाट मुद्रण भई प्रकाशन हुने पत्रपत्रिका किताव, पोष्टर, पम्पलेट, जर्नल आदिलाई छापामाध्यम भनिन्छ ।छापामाध्यम आमसंचारको सबैभन्दा पुरानो माध्यम हो ।

यो माध्यम शिक्षित र साक्षर व्यक्तिको लागि मात्र उपयोगी हुन्छ । विषयबस्तु बारे पूर्ण जानकारी पाइने वा विस्तृत रूपमा समाचर, विचार, विश्लेषण पढ्न पाउने, आफुले मन लागेको सामग्री आफ्नो इच्छा अनुकुल पढ्न पाउनु छापामाध्यमका प्रमुख गुणहरू हुन ।

## विद्युतीयमाध्यम

विद्युतीयमाध्यम भन्नाले विद्युतीय तरङ्गबाट सञ्चार गर्ने प्रणाली बुझिन्छ। तार वा केवल प्रयोग गरी गरिने सञ्चार पनि यसभित्रै प्रर्दछन । रेडियो टेलिभिजन, चलचित्र आदिलाई विद्युतीय माध्यम भनिन्छ। यो माध्यम साक्षर वा निरक्षर दुबैको लागि उपयोगी हुन्छ। छोटो गरी सन्देश पुऱ्याउने एकैचोटी वृहतजन समूहलाई सन्देश दिइ विद्युतीय माध्यमको उपयोग हुन्छ।

## समाचारपत्र

सामान्यतया समाचारपत्र भन्नाले नबाँधिएको वा स्टिच नगरिएको निश्चित समय वा मितिमा प्रकाशनहुने मुद्रित सामग्री बुझिन्छ । आमसञ्चारको एउटा माध्यमको रूपमा समाचारका स्थान लिएको छ । आमसंचारका विभिन्न माध्यमहरू मध्ये स्थानिय स्थरका सर्न्दभ देखि लिएर राष्ट्रिय अन्तराष्ट्रिय स्तरका सर्न्दभलाई उठाउन सक्ने सर्वसुलभ माध्यम समाचारपत्रलाई समाजको ससक्त चेतनामूलक साधन मानिन्छ ।यसमा मूलत सूचनामूलक सामग्रीको प्रधाान्यता रहन्छ । यसलाई लामो समय सम्म सङ्ग्रह गरेर राख्न सकिन्छ । जसलाई प्रायः शिक्षित व्यक्तिले मात्र प्रयोग गर्दछन् । समाचारपत्र शब्दले छापा माध्यमको एक सशक्त औजारलाई जनाउँदछ । जो नियमित रूपमा दैनिक तथा साप्ताहिक रूपमा समाचारहरू, विभिन्न विचारहरू, दृष्टिकोणहरू, लेख, रचनाहरू, विज्ञापनहरू, फोटो क्यापसनहरू तथा कार्टुन आदि स्तम्भहरूमा लिएर जनतालाई सु-सुचित गर्नका लागि प्रकाशित हुने गर्दछ।


नागरिक जीवन सँग निकट सम्बन्ध गास्ने समाचारपत्रले समाजलाई नजिकबाट नियालिरहको हुन्छ । समाजलाई अवलोकन गर्ने काममा समाजमा भएका गतिविधि, भ्रष्टाचार, अन्याय, अत्याचार प्रकाशमा ल्याउने काम समाचारपत्रमा हुन्छ । समाचारपत्रले समाजमा अन्याय परेका वा अल्पसंख्याको आवाजलाई मुखारित गर्न सघाउँछ । समाजका दुर्गण हटाउँदछ। समाजलाई गतिशील परिवर्तनतर्फ उन्मुख पनि गराउँदछ। समाचारपत्रको विकास ४००-५०० वर्ष अगाडि यूरोपमा भएको मानिन्छ। जो राजनीतिक खुराक पम्पलेट तथा पत्र एवम समाचारपत्रहरूमा आधारित थियो । हुन त आमसंचारको विकाश नै छापाखाना र कागजको आविष्कार संगै भएको मानिन्छ । नेपालका सर्न्दभको आम सञ्चारको सुरुवात परम्परागत सञ्चार प्रक्रिया जस्तै लोकगीत (गर्न्थभ) कटुवाल आदिबाट

भएको मानिन्छ । आधुनिक आम सञ्चार भने राणा कालमा जङ्गबहादुरले सन् १८५१ मा प्रेस ल्याएपछि नेपालमा देखा पर्‍यो । त्यस पछाडि नै नेपाल समाचारपत्रको विकाश हुन थालेको हो ।

यसरी विकसित भएको समाचारपत्र समाजको एक सशक्त र प्रभावकारी सूचनाको माध्यम बन्न पुग्यो । समाचारपत्र बहुपक्षिय बस्तुहरूको संकलन हो । यसै सन्दर्भा लड वाइनरले भनेका छन् । एक थोपा मसीले हजारौं मानिसको मस्तिकषलाई हल्लाइदिन्छ । जस्तै एउटा समाचारपत्रले ल्याएको एउटा सनसानो पूर्ण खबरले संसार थर्काइदिन्छ । (खनाल २००८ : ३९) समाचारपत्रको उद्देश्यको बारेमा महात्मा गान्धीले भनेका छन् । समाचारपत्रको एक उद्देश्य  जनताको इच्छा र विचारलाई समभिनु तथा त्यसलाई व्यक्त गर्नु हो । तेस्रो उद्देश्य सार्वजनिक दोषको निर्भयतापूर्वक प्रकट गर्नु हो (देवकोटा २०५९ : १६)

### २.५.१ समाचारपत्रको सङ्गठन


समाचारपत्रको संगठनलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ ।




स्रोत : डि.एस.महिला

(१९७९:१९८)

समाचारपत्रको सङ्गठन समाचारपत्रको आकारप्रकार र स्वरूपमा भरपर्ने गर्दछ । स्थानीय स्तरको समाचारपत्रको सङ्गठन सानो किसिमको हुन्छ । राष्ट्रिय स्तरको समाचारपत्र केही बृहत हुन्छ । जति -जति समाचारपत्रको आकार बढ्दै जान्छ उति उति त्यसको सङ्गठन पनि बृहत हुदै जान्छ । समाचारपत्रको सङ्गठनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।




स्रोत (पुरोहित) १९९८.९७

## २.६ सम्पादकीय

### २.६.१ सम्पादकीयको परिचय

सम्पादकीय भनेको समाचारपत्रले कुनैपनि विषयवस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्ने विश्लेषणात्मक लेख हो खनाल (२००८–२११)। विभिन्न समाचारमूलक, ज्ञानमूलक लेख रचनाको साथै सम्पादकीय पत्रिकाको महत्वपूर्ण पक्ष हो । सम्पादकीय अखवारको स्थायी स्तम्भ पनि हो । प्राय सम्पादकीयमा समसामयिक विषयवस्तु वा घटनाका सम्बन्धमा आफ्नो प्रकाशन संस्थाको नीति वा विचार व्यक्त गरिन्छ । सम्पादकीयलाई पत्रिकाको मुख्य सिद्धान्त पनि भनिन्छ । सम्पादकीय समाचारपत्रमा नियमित रूपमा निश्चित स्थानमा प्रकाशन हुने गर्दछ ।

सम्पादकीय समाचार होइन र विज्ञापन पनि होइन । यो घटना विषयवस्तुप्रति प्रतिक्रिया व्यक्त गर्ने स्तम्भ हो । सम्पादकीय लेखले समसामयिक जल्दोबल्दो कुनै विषयमा जनताको ध्यान आकृष्ट पार्ने गरी सम्बन्धित पत्रिकाको धारणा वा दृष्टिकोणलाई व्यक्त गर्दछ । सम्पादकीयले पत्रिकाको अभिप्राय दृष्टिकोण वा मुख्य वोली बोल्ने हुनाले यसमा व्यक्तिलाई निजी विचारलाई ठाउँ दिइन्छ । यसमा निश्चित दृष्टिकोण प्रकट भएको हुन्छ (लामिछाने, भुसाल र अन्य २०६१ : ७७) । यो सामान्य पाठकले सजिलै बुझ्न सकिने भाषको साथै छोटो, सरल स्पष्ट र समसामयिक हुनुपर्छ ।

### २.६.२ सम्पादकीयको अर्थ

अङ्ग्रेजी भाषाको (इडिटोरियल) (Editorial) को समानार्थी नेपाली शब्द नै सम्पादकीय हो । यो शब्द संस्कृत स्रोतबाट नेपाली भाषामा भित्रिएको पाइन्छ । सम+अक+ईय मिलेर सम्पादकीय शब्द बनेको छ । नेपाली बृहत शब्दको (२०४०) ले नाम र विशेषणको अर्थमा सम्पादकीय शब्दको अर्थ फरक फरक दिएको पाइन्छ ।

नाम अर्थमा सम्पादकीय शब्दले कुनै पुस्तक पुस्तिकाको विषय वा उद्देश्यलाई प्रष्ट्याउने गरी सम्पादकका तर्फवाट संक्षेपमा लेखिएको विशेष प्रकारको लेख भन्ने बुझिन्छ (नेपाली बृहत शब्दकोष २०४०:१३११) । विशेषणका अर्थमा सम्पादक सम्बन्धि भन्ने बुझिन्छ । यस शोधपत्रमा सम्पादकीयको नाम अर्थलाई मात्र आधार मानी अध्ययन गरिएको छ ।

### २.६.३ सम्पादकीय परिभाषा

सम्पादकीयको बारेमा बिद्वान र संघसंस्थाले विभिन्न परिभाषाहरू दिएका छन् ।

- वस्तीका अनुसार सम्पादकीय भनेको ठोस विचार व्यक्त गर्ने ठाउँ हो (वस्ती २०६३ : १९३) ।
- स्टोनासिफर का अनुसार सम्पादकीय भनेको विचारहरू समेटेर लेखिएको पत्रकारिक निबन्ध हो जसले सूचना दिने वा व्याख्या गर्ने विषयवस्तुवारे मनोरञ्जन वा आफ्नो पक्षमा पार्ने र मनोरञ्जन दिने वा हसाँउने विषयवस्तु समेट्छ । यस्ता विषयवस्तुहरू माथि वर्णन गर्ने र तर्कगर्ने काम सम्पादकीय हुन्छ (स्टोनासिफर १९७९ : ४०)।
- डि.एस. महेताका अनुसार भन्दछन्- समाचारका विचार हेर्ने ऐना सम्पादकीय हो ( डि.एस. महेता १९७९ : १७१) ।
- श्रीराम खनालका अनुसार सम्पादकीय भनेको समाचारपत्रलेप कुनै पनि विषयवस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्ने विश्लेषणात्मक लेख हो ।
- लाउजस एम. लायन्सका विचारमा पत्रिकाको आवाज अभिव्यक्ति हुने ठाँउ सम्पादकीय हो । तसर्थ सम्पादकीय लेख्दा गम्भीर हुनुपर्छ । (स्टोनासिफर १९७९ : ३१) ।
- संजीव भानावतका अनुसार सम्पादकीय समाचारपत्रको सबैभन्दा महत्वपूर्ण स्तम्भ हो तर सम्भवत सबैभन्दा कम पढिन्छ ।

सम्पादकीय मार्फत नैतिकवान बनाउन, कर्तब्यवोध सिकाउन र सम्बन्धित निकायको ध्यानाकर्षण गर्न सकिन्छ । सम्पादकीयमार्फत जनमत निर्माण गरी समस्याको निदान गर्न सकिन्छ । त्यसैले सम्पादकीय सुझाव आलोचना र प्रस्ताव राख्ने फोरम पनि हो । सम्पादकीय सहमति वा असहमति जे प्रकट गरे पनि त्यो सन्तुलित भने हुनैपर्दछ ।

समाचारपत्र प्रकाशनको साथमा गहिरो सामाजिक राजनीतिक दायित्व गाँसिएको हुन्छ । सम्पादकले यिनै दायित्वको पूर्ति सम्पादकीय स्तम्भ मार्फत गर्दछन् । सम्पादकीय लेख्ने सम्पादक विषयवस्तुवारे जानकार हुनुपर्दछ । प्राप्त तथ्यलाई इमान्दारीपूर्वक पेशा गर्न सक्षम हुनुपर्दछ । एउटा राम्रो सम्पादकीयले सवैभन्दा पहिले जनताको सेवा गर्ने प्रयास गनुपर्दछ ।

समाजको उच्चतमतालाई चाहनुपर्छ । सम्पादकीयको लेखनमानै समाचारपत्रको सफलता र असफलता भर पर्दछ । यसै सन्दर्भमा सन १९७५ मा भएको अमेरिकन सम्पादकीय लेखहरूको राष्ट्रिय भेलाले भनेको छ – 'सम्पादकीय लेखन भनेको पैसा बनाउने अर्को बाटो हो' (भण्डारी २०६५ : १३६)।

सम्पादकीय सरल भाषामा लेखिन्छ तर समाचारको भाषामा होइन । सङ्क्षिपत शैलीमा विचारात्मक र तार्किक ढङ्गले आकर्षक रूपमा सम्पादकीय लेख प्रस्तुत गर्ने कोसिस गरिन्छ । सम्पादकीय लेख जसमा ठोस तथा तथ्याङ्कमा भन्दा बढी दिइएको हुनछ । पाठकलाई भ्रममा पार्ने वा निजि स्वार्थवाट प्रेरित भएर सम्पादकीय लेख्न हुदैन । विज्ञानदाता, राज्य सरकार र समाचारपत्रकोवाट सम्पादकीय निडर र ठोस हुनुपर्दछ । तर्कमुलक भाषामा लेखिएको हुनुपर्दछ । विषयवस्तुको प्रकृति अनुसार गहन अध्ययन पश्चात विश्लेषणात्मक शैलीमा सम्पादकिय लेख्नु पर्दछ । लेखन नदीमा र्‍याफ्टिङ गर्ने काम होइन समुद्रमा डुङ्गा खियाउने काम हो (भण्डारी २०६५:१३६)।

सम्पादकीय यस्तो लेख हो पत्रिकाको अग्रमार्गवाट समाचारको मूल्याङ्कन गर्दछ ।

यसरी हेर्दा सम्पादकीय समाचार पत्रिकाको महत्व वा ओज नाप्ने कसी हो । यसमा तथ्य वा विचारको तर्कसङ्गत, सुरुचिपूर्ण र सङ्क्षिप्त प्रस्तुति हुन्छ । सम्पादकीयवाट सामान्य पाठकले पनि विश्लेषित विषयको महत्व सम्झना सक्षम हुन अपेक्षा गरिएको हुन्छ ।

### २.६.५ सम्पादकीयको संरचना

सम्पादकीयको आकार अखबारको आकार र साइजमा भरपर्दछ । तर अखवारको आकार धेरै ठुलो हुदैंमा सम्पादकीय पनि धेरै हुन्छ भन्ने चाहिँ होईन । सम्पादकीय कम्तिमा पनि तीन अनुच्छेद सम्मको हुन्छ । शुरुमा सम्पादकीयको शीर्षक हुन्छ । शीर्षक वाहेक सम्पादकीयमा तीन खण्ड रहेको हुन्छ । सुरुमा विषयवस्तुवारे छोटो परिचय र पृष्ठभूमि दिइन्छ । सुरुवात सरल र स्पष्ट भाषामा हुनुपदर्छ । मध्यमार्गमा तथ्य विवरणका साथ तर्क पेस गरिन्छ । व्याख्या, तार्किक विश्लेषण र मूल्याङ्कन सहितको मत प्रकट सम्पादकीयको उपसंहार भाग हो । यसमा निष्कर्ष र सुझाव प्रस्तुत गरिन्छ ।

### २.६.५ सम्पादकीयको काम

सम्पादकीय मार्फत नैतिकवान वनाउन कर्तव्यवोध गराउन सम्बन्धित निकाय वा आधिकारीक निकायको ध्यानाकर्षण गर्न सकिन्छ । सम्पादकीयले भष्ट्राचार सामाजिक गति विसङ्गति एवम् अनियमितता हटाउन सहयोग गर्ने काम पनि गर्दछ । सम्पादकीय मार्फत जनमत निर्माण गर्ने, समस्याको निदान गर्न सकिन्छ । पाठकलाई सचेत गराउने काम पनि सम्पादकीयको हो । सम्पादकीयको कामलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

- पाठकलाई अभिप्रेरित गर्ने
- भ्रष्ट्राचार, सामाजिक विसङ्गति एंवम् अनियमितता हटाउन सहयोग गर्ने
- शिक्षित गराउने
- पाठकलाई सचेत गराउने
- सुझाव र सल्लाह दिने
- नैतिकवान एवम् कर्तव्यवोध गराउने
- विविध मतलाई प्रतिनिधित्व गराउने
- मनोरञ्जन प्रदान गर्ने
- अखवारको परिचय र स्तर मापन गर्ने
- जनमतको निर्माण गर्ने

खनाल (२००८) २१२ ।

तसर्थ दैनिक हिन्दूस्तानका पूर्व सहायक शरदेन्दुले विलियम एम पिकरटनको विचार उधिृत गर्दै सम्पादकीय लेखन कार्यका निम्न हुने वताएका छन् :-

- समाचारको विश्लेषण गर्न
- घटनाको पृष्ठभूमि प्रदान गर्न
- भविष्यवाणी गर्न
- नैतिक निर्णय दिन

(भानावत १९९७ : १५ - १६) ।

### २.६.६ सम्पादकीय लेख्दा ध्यान दिनुपर्ने कुरा

सम्पादकीय पत्रिकाको महत्वपूर्ण स्तम्भ भएकोले यसको लेखनमा विशेष ध्यान दिनुपर्ने हुन्छ । विषयवस्तुको वारेमा तथ्य र पर्याप्त जानकारी नभई अनुमानको भरमा लेख्न हुदैन । आलोचना गर्नु छ भने पनि शिष्ट भाषामा आलोचना गर्नुका साथै पत्रिकाको पेसागत प्रतिष्ठालाई ध्यानमा राखेर लेख्नुपर्ने हुन्छ । सम्पादकीय लेख्दा सामान्य पाठकले सजिलै बुझ्न सकिने भाषाको साथै छोटो, सरल, स्पष्ट र समसामयिक हुनुपर्दछ । सम्पादकीय लेख्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरू वुदाँगत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

- विषयवस्तु वा घटनावारे तथ्य र पर्याप्त जानकारी हुनुपर्दछ ।
- विषय छनौट गर्दा त्यसको महत्व र त्यसले पार्ने प्रभावलाई ध्यान दिनुपर्दछ ।
- अवलोकन गर्नु छ भने शिष्ट भाषामा सम्यक आलोचना गर्नुपर्छ ।
- सुरुवात स्पष्ट र संक्षेपमा लेख्नुपर्दछ ।
- विनाप्रमाण तथ्य वेगर हचुवाको भरमा त्यसको विषयवस्तुवारे सम्पादकीय लेख्नुहुदैन।
- राजनितिक व्यापार र उद्योगको विषयमा सम्पादकीय लेख्नुपरेमा विषयवस्तुसँग सम्बन्धित विज्ञसँग छलफल गरेर मात्र लेख्नु पर्छ ।
- पत्रकारिताको पेशागत प्रतिष्ठालाई ध्यानमा राखी सम्पादकीय लेख्नुपर्दछ ।

खनाल (२००८ : २१३) ।

- विषयवस्तुमा पर्याप्त ध्यान दिनुपर्छ ।
- तथ्याङ्कको कम प्रयोग गर्नुपर्छ ।
- अनावश्यक व्याख्या गर्नुहुदैन ।
- तथ्यहीन सन्दर्भहरू उल्लेख गर्नु हुदैन ।
- सम्भावित विरोधलाई ध्यान दिनुपर्छ ।

(How to write Editorial Articles by Brain Konradt)

### २.६.७ असल सम्पादकीय विशेषताहरू

सामान्य पाठकले पनि सजिलै बुझ्न सक्ने खालको हुनुनै असल सम्पादकीय विशेषता हो । वास्तविक तथा असल स्पष्ट लेखन हुनुका साथै छोटो वाक्यको प्रयोग हुनु पर्दछ । सरलबाट जटिल तर्फ उन्मुख भएको सम्पूर्ण समुदायको प्रतिनिधिन्त्व गर्न सक्नुनै असल सम्पादकीयको विशेषता हो । जसलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- सरल लेखन
- छोटो वाक्यको प्रयोग
- सरलबाट जटिल तर्फ उन्मुख
- अनावश्यक शब्दहरू प्रयोग नगरिएको
- वास्तविक तथा स्पष्ट लेखन
- प्रभाव पार्ने हिसाबले नभई विचार अभिव्यक्ति गर्ने हिसाबले लेखिएको (स्टोनसिफर १९७९ : १०४) ।
- सकारात्मक धारणाको प्रमुख भएको
- सन्तुलित एवम् समन्वयात्मक आलोचना गरिएको
- सम्पूर्ण समुदायको प्रतिनिधित्व गर्न सक्ने
- समसामयिक तथा जनचेतना, जनचासोसँग सम्बन्धित विषयवस्तु प्रस्तुत भएको
- मौलिकता प्रस्तुत गर्न सक्ने
- कानुनी चुनौती प्रति सचेत
- उपदेशात्मक तथा आलङ्कारिक शैलिको प्रयोग नभएको
- सामान्यकृत अभिव्यक्तियुक्त
- व्याकरणीय शुद्धता भएको
- छोटो अनुच्छेदको प्रयोग गरिएको
- निष्कर्ष दिने खालको
- जसबाट, जसमा, जसको जस्ता शब्दको प्रयोग नगरिएको
- पहिलो, दोस्रो, तेस्रो भन्ने जस्ता शब्दहरू प्रयोग नगरिएको

) म, तिमी, मलाई जस्ता सर्वनामहरू हटाई वहुवचन जनाउने प्रयोग गरिएको

(Writing an Editorial Exercise by G.B. Smith)

### २.६.८ सम्पादकीय राख्न नमिल्ने कुराहरू

सम्पादकीयको भाषा अरु समाचारको भाषा जस्तो हुदैन । अरु समाचारमा राखिने कुराहरू सम्पादकीयमा राख्न नमिल्न सक्छ । सम्पादकीयमा एकवचन सर्वनामको प्रयोग गर्न नमिल्नुको साथै जटिल तथा प्राविधिक शब्दहरू प्रयोग गर्न हुदैन । जि.एम. स्मिथले राइटिङ एन इडोटोरियल एकस्रसाइजमा  सम्पादकीयमा राख्न नमिल्ने कुराहरूलाई लेखेका छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**उपशीर्षकहरू**

एकवचन सर्वनाम (म)

झुटो अन्दाजी र अनावश्यक व्याख्या

व्यक्तिको चरित्र तथा प्रतिष्ठामा आँचआउने प्रसङ्ग गैरकानुनी विषयको वकालत

लामा अनुच्छेदहरू जटिल तथा प्राविधिक शब्दहरू

व्याकरणात्मक वन्धन तथा अस्पष्ट लेखन, प्रश्नबट अन्त्य

वास्तविकतालाई वेवास्ता गरिएको तथ्य, अस्पष्ट र द्विविधात्मक सन्दर्भ (त्यो)

### २.७ सम्पादकीय लेखनको विश्व इतिहास

वेलायतमा सन १७०४ को वीचमा परीक्षणको रूपमा जनताको राय वुझ्ने हिसावले सम्पादकीय लेख्ने चलन सुरु भएको हो । प्रसिद्ध साहित्यकार डेनियल डेकोले दि रम्य पत्रिकामा स्थायी स्तम्भको रूपमा सम्पादकीय लेखन थालेपछि सम्पादकीय लेख्ने चलन संसार भरि फैलिएको हो  (खनाल २००७ : २११) ।

## २.८ सम्पादकीयको भाषा

सम्पादकीय सरल भाषामा लेखिन्छ तर समाचारको भाषामा होईन यसको भाषा अपेक्षाकृत साहित्यिक हुन्छ । सम्पादकीय जति स्पष्ट सरल हुन्छ त्यति पाठकहरू सम्पादकीय प्रति आकर्षित हुन्छन् । संक्षेप शैलीमा विचारात्मक र तार्किक ढंगले आकर्षक रूपमा सम्पादकीय लेख प्रस्तुत गर्ने कोशिश गरिन्छ । व्यक्तिपरक शैलीमा'म' छोडेर निर्वयक्तिक वा समूहपरक हामीको प्रयोग यसमा गरिन्छ । उपदेशको जस्तो आदेशात्मक पारामा सम्पादकीय लेख्नु हुदैन । बढी उदाहरणहरू सम्पादकीयमा प्रयोग गर्न उपयुक्त मानिन्न । प्रत्यक्ष कथन पनि सकेसम्म प्रयोग नगर्दा राम्रो हुन्छ । सम्पादकीय लेख्दा स्पष्टता, सरलता, सुपस्यतालाई बढी ध्यान दिनुपर्छ । सम्पादकीयमा अनावश्यक शब्द, वाक्य, प्रसङ्ग र अनुच्छेदहरू राख्नु उचित मानिदैन । सम्पादकीयमा घुमाउरो र कलात्मक भाषा भन्दा सोझो भाषा प्रयोग गर्न उपयुक्त मानिन्छ । स्टोनसिफरका अनुसार जस्तो बोलिन्छ त्यस्तै लेखिनुपर्छ । कसैलाई प्रभाव पार्ने भन्दा पनि विचार अभिव्यक्ति गर्ने हिसाबले सम्पादकीय लेखिनु राम्रो हुन्छ ।

वोलचाल एवम् व्याहार र समाचारपत्रको अन्य सामग्रीको भाषाका तुलनामा सम्पादकीय भाषा मानक हुने हुनाले भाषा शुद्ध हुन आवश्यक छ । यसको भाषा संयमित हुनुपर्छ । जसले विभिन्न सम्प्रदाय र वर्गवीच सौहद्रता बनाउन सकोस् ।

## २.९ सम्पादकीयको वर्गीकरण

पत्रकारिता विषयका भारतीय लेखक प्रवीण दिक्षितले सम्पादकीयका ६ वटा वर्ग प्रस्तुत गरेका छन्

- उत्साहबर्धक सम्पादकीय - कुनै विपत् सामना गर्ने शूरवीरता जगाउन, मनोवल उठाउन प्रतोत्साहित गर्न लेखिने ।
- कर्तव्यवोधक - कुनै विपत् सङ्कट, युद्ध वा दैवी प्रकोपले पिडित अवस्थामा साहायतार्थ आह्वान गरेर लेखिने ।
- आन्दोलनात्मक - सार्वजनिक समस्याको समाधानको लागि जनमत जागृत गराउन लेखिने
- सुझावात्मक - सार्वजनिक समस्याको समाधानको लागि जनमत सुझाव सहित सन्तुलित भाषा शैलीमा लेखिने ।

- समसामयिक - समसामयिक चाडपर्व राष्ट्रिय वा धार्मिक दिवसका उपलक्ष्यमा लेखिने भावप्रधान वा रचनात्मक सम्पादकीय
- पक्ष समर्थन - कसैको पक्ष वा विपक्षमा तर्कयुक्त ढङ्गले लेखिने विशेषतः राजनीतिक दल सम्बद्ध पत्रिकाहरूमा पाइने सम्पादकीय

ब्रेन कोनार्टले सम्पादकीयलाई यसरी वर्गीकरण गरेका छन्

- व्याख्यात्मक सम्पादकीय
- आलोचनात्मक सम्पादकीय
- मनोरञ्जनात्मक सम्पादकीय

**व्याख्यात्मक सम्पादकीय**

व्याख्यात्मक सम्पादकीयमा जटिल विषयवस्तुलाई टुक्रा-टुक्रा पारेर प्रस्तुत गर्न सहयोग पुऱ्याउँछन् ।

- **आलोचात्मक सम्पादकीय**

सम्पादकहरूले हरेक संवेदनशील विषयमा पाठकलाई आफ्नो पक्षमा पार्ने प्रयास गरिरहेका हुन्छन् । तर यो संसारलाई हरेक मान्छेले आ-आफ्नै आँखाले हेरिरहेका हुन्छन् । र त्यही अनुसार विश्लेषण गरिरहेका हुन्छन् । कुनै पनि विषयमा पक्ष विपक्ष हुन्छन् । यसरी कुनै पनि पक्ष वा विपक्षमा अडिएर लेखिएका सम्पादकीय आलोचनात्मक सम्पादकीय मानिन्छन् ।

- **मनोरञ्जनात्मक सम्पादकीय**

कतिपय सम्पादकले मनोरञ्जन दिने खालका सन्दर्भलाई प्रयोग गरी मूल विचारलाई नै पक्षपोषण गर्ने हिसाबले गर्न उपयुक्त मानिन्छ ।

## २.१० सारांश

कुनै विषय संग सम्बन्धित सूचना, जानकारी, सन्देश, विचार र अनुभूतिहरूलाई सङ्केत, लिपि, बोलि चिन्ह, इशारा वा अन्य कुनैपनि माध्यमबाट एक व्यक्तिवाट अर्को व्यक्ति वा समूह सम्म पुऱ्याउने प्रक्रिया सञ्चार हो । विभिन्न माध्यमहरूमध्ये पत्रपत्रिका एउटा महत्वपूर्ण माध्यम हो । समाचार पत्रलाई समाजको सशक्त चेतनामूलक साधन मानिन्छ ।

जसद्वारा स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा भएका घटनाहरू थाहा पाउन सकिन्छ। पत्रपत्रिकाको स्थायी स्तम्भको रूपमा रहेको सम्पादकीय पत्रिकाको आफ्नो भनाई र विचार राख्ने ठाँउ पनि हो। जुन समसामयिक विषयसँगै गाँसिएको हुन्छ। सम्पादकीयले जल्दोबल्दो कुनै विषयमा जनताको ध्यान आकर्षित गर्ने काम गर्दछ। सम्पादकीय वस्तु निष्ठ, निष्पक्ष, निर्भिक र संक्षिप्त हुनुपर्दछ। सम्पादकीयवाट सामान्य पाठकले पनि विश्लेषित विषयको महत्व सम्झन सक्षम हुने अपेक्षा गरिएको हुन्छ। सम्पादकीयको भाषा सरल, स्पष्ट, र मानक हुनुपर्दछ। स्तरीय सम्पादन लेखनका लागि सम्पादक विषयवस्तु र घटनाबारे यथेष्ट जानकारी भएको हुनुपर्दछ। सम्पादकीयको विषयवस्तु छनौट गरी लेख्नु राम्रो मानिन्छ। विनाप्रमाण हचुवाको भरमा सम्पादकीय लेख्नु राम्रो हुदैन। संवादको प्रयोगलाई पनि सम्पादकीयमा उचित मानिदैन। सम्पादकीय लेख्दा माथिका सबै कुरालाई चासो दिई पत्रकारिताको पेसागत प्रतिष्ठालाइ पनि ध्यानमा राख्नु पर्दछ।

## अध्याय तिन

## रोल्पा समाचार साप्ताहिक पत्रिकाको सम्पादकीय भौतिक पक्षको अध्ययन

रोल्पा समाचार साप्ताहिक पत्रिका वि.स. २०६३ कार्त्तिक १७ गते विधिवत रूपमा दर्ताभई २०६३ कार्त्तिक २६ गते वाट साङ्गठित रूपमा प्रकाशन भएको निजी क्षेत्रको विभिन्न पत्रपत्रिका मध्ये पहिलो सूचनामूलक पत्रिका रोल्पा समाचार साप्ताहिक पत्रिका हो । रोल्पा जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित सदरमुकाम लिवाङवाट प्रकाशन हुने रोल्पा समाचार साप्ताहिक पत्रिकाको (आठ) पृष्ठको रहेको छ ।

विगत ६ वर्षदेखि नेपालीभाषाको वृद्धि र विकाशमा महत्वपूर्ण योगदान दिएको रोल्पा समाचार साप्ताहिक पत्रिकाले स्थानीय गाँउ–गाँउमा समचारदाता राखेर समाचार सम्प्रेषण गरेको छ । करिब ७ वर्ष अगाडि स्थापना भएको यस पत्रिका साधन स्रोतको आधारमा दुर्गम जिल्ला भएकोले केही अभाव भएता पनि बजार व्यवस्थापनको दृष्टिकोणले उपयुक्त रहेको देखिएको छ ।

भाषिक तथा वर्णविन्यास शुद्धताको दृष्टिले रोल्पा समाचार साप्ताहिक पत्रिका उपयोगीनै रहेको देखिन्छ । यस साप्ताहिक पत्रिकाले अझ दक्ष जनशक्ति वा विषय विशेषज्ञ राखेर भाषिक स्तरीकरण वर्णविन्यासको मानवीकरण सहयोग पुग्ने देखिन्छ । आधुनिक स्रोत र साधनको अभाव विना अहिले सम्म रङ्गीन कलरमा प्रकाशन गरी सकेको छैन । यस साप्ताहिकले राजनीतिक, साँस्कृतिक, आर्थिक, सामाजिक कला साहित्य र मनोरञ्जन क्षेत्रका विषयवस्तुलाई समाबेश गरेको छ । भाषिक विकासका साथै साहित्यिक क्षेत्रका लेख प्रकाशन गर्ने कामपनि महत्वपूर्ण साथ भएको छ । रोल्पा जिल्लाको कुना कन्दरा सम्म समाचार पुगेको छ जसले समाचार प्रति जानकारी गराउँदै पढ्ने अभ्यस्त बनाएको छ ।

आफ्नो स्थापना कालदेखि आज सम्म पाठकलाई सूसुचित गराउँनुको साथै भाषिक विकासमा रोल्पा समाचार साप्ताहिकले महत्वपूर्ण योगदान दिएको छ ।

प्रस्तुत शोधपत्र रोल्पा समाचार साप्ताहिक पत्रिकाको सम्पादकीय सँग मात्र सम्बन्धित छ । सम्पादकीइलाई शैली, विषयवस्तु, शीर्षक शब्द भण्डार, वाक्य, वाच्य, काल पक्ष आदिका आधारमा अध्ययन विश्लेषण गरिएको छ । वि.सं. २०६९ साल वैशाख महिनाके १५ गते देखि २०६९ साल भाद्र १५ गते सम्मको प्रत्येक महिनाको फरक–फरक मितिको

साप्ताहिकलाई लिएको छ । उक्त नमुना छनोट पत्रिकाको स्थापना वि.स. २०६३ साल कार्तिक २६ गतेवाट प्रकाशन शुरु गरिएको हो

## ३.१ शैली

शैली कुनै पनि विषयवस्तुलाई प्रस्तुत गर्ने कला हो वा ढङ्ग हो । शैलीलाई तरिका वा रीति पनि भनिन्छ । कुनै विषयलाई प्रस्तुत गर्ने तौर तरिका वा ढंग ढाँचा शैली हो (अधिकारी २०६२ : २६१)।

भाषिक एकाइको सौन्दर्य वोधक समुच्चय र भाषा एवम् विषयका दृष्टिवाट विचलनयुक्त रचनाकारको विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ शर्मा र लुइटेल (२०६१ : ३३०) ।

विषय व्यक्ति प्रयोजन, परिवेश आदिले गर्दा शैलीमा विभिन्नता आँउछ । समाचारपत्रहरूमा भिन्न फरक प्रकृतिका समाचारहरूलाई फरक–फरक शैलीमा लेखिन्छ । एउटै पत्रिकामा पनि खेल समाचार, आर्थिक समाचार, विज्ञापन, सम्पादकीय आदि लाई फरक–फरक शैलीमा लेखिन्छ । सम्पादकीय लेखन स्वतन्त्र विधा हो । यसकारण एउटा समाचार पत्र र अर्को समाचारपत्रको सम्पादकीय लेखनमा फरक–फरक शैली प्रयोग हुन सक्छ । सम्पादकीयको लेखन शैलीलाई कुनै निश्चित सिद्धान्त अथवा नियमका आधारमा व्याख्या गर्न सकिदैन । तर यसलाई उत्कृष्ट बनाउनको लागि केही आदर्शहरू स्थापना गर्न भने सकिन्छ । सङ्क्षिप्त शैलीमा विचारात्मक र तार्किक ढंगले आकर्षक रूपमा सम्पादकीय लेख प्रस्तुत गर्ने कोशिश गरिन्छ । व्यक्तिपरक म शैली छोडेर निवैयक्तिक वा समूहपरक हामीको प्रयोग यसमा गरिन्छ (लामिछाने, भुसाल र अन्य २०६१ : ७९) ।

खासगरी सम्पादकीयको लेखन शैली सरल सहज र मिठासयुक्त हुनुपर्दछ । संजीव भानावताका अनुसार प्रत्येक सम्पादकको आफ्नो विशिष्ट व्यक्तित्व वा शैली हुन्छ । जुन सम्पादकीयमा झुल्किन्छ -भानावत १९९७ : १२)।

सम्पादकीय लेख्ने क्रममा सम्पादकहरूले विषयवस्तुको आवश्यकता अनुसार व्याख्यात्मक, वर्णनात्मक, तर्कपरक, औपचारिक, अनौपचारिक आदि विभिन्न शैलीको प्रयोग गर्न सक्दछन् । ब्रेन निकोल्सले सम्पादकीय लेखनका तरिकाहरू विभिन्न बताएका छन् ।

- प्रश्न गर्ने शैली
- परामर्श दिने शैली
- आलोचना गर्ने शैली
- कुरा बुझाउने शैली
- प्रशंसा गर्ने शैली
- विश्वास दिलाउने शैली
- भिन्नता देखाउने शैली
- घृणा गर्ने शैली
- भविष्यवाणी गर्ने शैली
- अनुरोध गर्ने शैली
- रचनात्मक शैली

माथि उल्लेखित शैलीहरू मध्ये प्रश्नात्मक शैलीलाई सम्पादकीय लेखेको उपयुक्त शैली मानिदैन ।

प्रस्तुत शोधमा रोल्पा समाचार पत्रिकाको नमुना छनोटमा परेका २०६९ साल वैशाख १५ गते देखि २०६९ साल भाद्र १५ गते सम्ममा प्रत्येक महिनाको फरक–फरक मिति पारी एक महिनामा दुई अङ्क लिईएको छ । साप्ताहिक भएकोले एकै मितिमा प्रकाशन नहुने भएको हुँदा फरक–फरक मितिमा परेको १० वटा सम्पादकीयलाई आधार मानी सम्पादकीयमा प्रयोग भएका शैलीलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. १**

| शैली | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आलोचना | १ | १०% |
| प्रश्न | ३ | ३०% |
| परामर्श | ३ | ३०% |
| अनुरोध | १ | १०% |
| विश्वास | १ | १०% |
| भविष्यवाणी | १ | १०% |
| जम्मा | १० | १००% |

माथि तालिका अनुसार रोल्पा समाचार साप्ताहिक पत्रिकाको सम्पादकीय विभिन्न ७ शैलीमा लेखिएको छ । आलोचना, अनुरोध, विश्वास, भविष्यवाणी १/१ गरी ४ वटा सम्पादकीय लेखिएको छ भने प्रश्न गर्ने शैली र परामर्श गर्ने शैलीमा ३/३ वटा गरी ६ वटा सम्पादकीय लेखिएको पाईन्छ ।

यसरी हेर्दा रोल्पा समाचार साप्ताहिकको सम्पादकीयमा वैशाखको अङ्कमा आलोचना गर्ने असारको अङ्कमा अनुरोध गर्ने शैली साउनकोमा विश्वास दिलाउने शैली र भाद्रको महिनामा भविष्यवाणी शैलीमा सम्पादकीय लेखिएको छ । त्यस्तै वैसाखको २४ गतेको अङ्क जेठको १४ गतेको अङ्क, साउनको २८ गतेको अङ्कमा प्रश्न गर्ने शैली पाइन्छ भने जेठको २८ गते, असारको १० गते, भाद्रको १० गतेको अङ्कमा परामर्श गर्ने शैलीको प्रयोग भएको छ । यी सम्पादकीयहरूलाई परिशिष्टमा पनि हेर्न सकिन्छ ।

### ३.२ संरचना

रोल्पा समाचार साप्ताहिकमा विभिन्न खालका संरचना भएका सम्पादकीय प्रयोग गरिएका छन् । सम्पादकीय धेरै लामो हुनु उपयुक्त हुदैन । विचारलाई समेट्ने खालको सामान्यतया तीन अनुच्छेदको सम्पादकीयलाई उपयुक्त मानिन्छ । अध्ययनका लागि नमुना छनोट गरिएको रोल्पा समाचार साप्ताहिकका संरचनाका आधारमा निम्न तालिकामा देखाउन सकिन्छ ।

**तलिका नं. २**

| संरचना | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ अनुच्छेद | ३ | ३०% |
| २ अनुच्छेद | ४ | ४०% |
| ३ अनुच्छेद | २ | २०% |
| ५ अनुच्छेद | १ | १०% |
| जम्मा | १० | १००% |

माथि उल्लेखित तालिका अनुसार नमुनामा परेका सम्पादकीयको आधारमा रोल्पा समाचार साप्ताहिकको सम्पादकीय १ देखि ५ अनुच्छेद सम्म लेखिएको पाइन्छ । अध्ययन अनुसार १ अनुच्छेदमा संरचित सम्पादकीय ३ वटा अर्था् २०%, २ अनुच्छेदमा संरचित सम्पादकीय ४

वटा अर्थात् ४०%, ३ अनुच्छेदमा संरचित सम्पादकीय २ वटा अर्थात् २०%, ५ अनुच्छेदमा संरचित सम्पादकीय १ वटा अर्थात्  १०% रहेका छन् ।

यसरी हेर्दा सबैभन्दा बढी २ अनुच्छेदमा संरचित सम्पादकीय देखिन्छन् भने लामो ५ अनुच्छेदमा १ वटा सम्पादकीय रहेको पाइन्छ । ३ अथवा ४ अनुच्छेदमा संरचित सम्पादकीय संरचनाको हिसाबले उपयुक्त मानिन्छ । नमुना छनौटमा परेका सम्पादकीय मध्ये २ अनुच्छेद ४०% र १ अनुच्छेद ३०% भएको संरचनाको हिसाबले उपयुक्त देखिदैन । ५ अनुच्छेदमा संरचित सम्पादकीय २०६९ साल वैशाख २४ गते आइतबार रहेको छ । १,२,३ र ५ अनुच्छेदमा संरचित सम्पादकीयलाई परिशिष्टमा राखिएको छ ।

### ३.३ शीर्षक

लेख रचना वा ग्रन्थ आदिको नामनै शीर्षक हो (अधिकारी २०६१ : ९४२) । कुनै लिखित अभिव्यक्तिको नामनै शीर्षक हो । कुनै लिखित अभिव्यक्तिको सार वा तथ्य प्रति सङ्केत गर्दा छोटो पङ्क्तिको वाक्यांश वा शब्दलाई नै शीर्षक भनिन्छ । शीर्षक विषयवस्तुको समग्र प्रतिनिधित्व गर्ने सम्बन्धित विषयप्रति लेखकको झुकाव वा प्रवृत्ति बुझाउन सक्ने प्रभावकारी र आकर्षक हुनुपर्दछ  (लामिछाने भूसाल -अन्य) २०६१ : ७३) ।  शीर्षक सरल, स्पष्ट र आकर्षक हुनुपर्दछ । शीर्षकहरू वाक्यात्मक नभएर पदावली युक्त हुनुपर्दछ । शीर्षकले पाठकलाई विषयवस्तुप्रति अभिरुची पैदा गर्न सक्नुपर्छ । शीर्षकले समाचारको सूक्ष्म विवरण वा सङ्केत दिन्छ । शीर्षकको उद्देश्य लेखकको निचोड प्रस्तुत गर्नु, पत्रिकालाई आकर्षित बनाउनु, समाचारको महत्व अवगत गराउनु र पाठकलाई पत्रिका किन्न प्रेरित गर्नु हो ।

शीर्षकमा संक्षिप्तता कलात्मकता र प्रभावकारीता हुनुपर्दछ । शीर्षक लेख्दा वर्तमान काल कर्तृवाच्यमा लेखिनु राम्रो मानिन्छ । नेपाली भाषामा छापिने पत्रिकाको शीर्षकमा अङ्ग्रेजी शब्दको प्रयोग गर्नु हुदैन -खनाल २००८ : १८८)। क्रियापद र नामयोगीबाट शीर्षक शुरु गर्नु हुदैन । सम्पादकीयको शीर्षक छोटो मिठो र जनसाधारणले बुझ्ने भाषामा हुनुपर्दछ । शीर्षकले विषयवस्तुको पूर्ण प्रतिनिधित्व गर्छ (खनाल २००८ : १८८) ।

प्रस्तुत शोधपत्रमा रोल्पा समाचार साप्ताहिक सम्पादकीय शीर्षकलाई शब्द संरचनाको आधारमा अध्ययन गरिएको छ । जसलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

**तालिका नं. ३**

| शीर्षक शब्द सङ्ख्या | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ४ शब्द | ६ वटा | ६० |
| २ शब्द | १ वटा | १० |
| ३ शब्द | २ वटा | २० |
| ६ शब्द | १ वटा | १० |

मथि उल्लेखित तालिका अनुसार नमुना छनोटमा परेका रोल्पा समाचार साप्ताहिकका १० वटा सम्पादकीयमा २,३,४ र ६ शब्दका शीर्षकहरू प्रयोग भएका छन् । जसअनुसार २ शब्द प्रयोग भएका शीर्षक १ वटा १०%, ३ शब्दवाट बनेको ६ वटा ६०%, ६ शब्दवाट वनेको १ वटा गरी १०% जम्मा १००% रहेको छ । प्राय सम्पादकीयको शीर्षक ६ अक्षरमा बनेको पाइन्छ । यी शीर्षकहरूका उदाहरणलाई परिशिष्टमा हेर्न सकिन्छ ।

## ३.४ विषयवस्तु

कुनै वर्णन, छलफल, अध्ययन, लेख रचना आदिको लागि निश्चित गरिएको कुरा नै विषयवस्तु हो । अथवा वोल्ने र लेख्ने वा पढ्ने सन्दर्भमा तय गरिएको शीर्षक वा विषयनै विषयबस्तु हो (अधिकारी २०६१ : ९५२) ।

सम्पादकीयको विषयक्षेत्र निकै फराकीलो छ । विभिन्न फरक–फरक विषयमा सम्पादकीय लेख्न सकिन्छ । सम्पादकीय यो नै विषयमा लेख्नुपर्छ भन्ने कुनै सिमितता छैन । तैपनि यस्तो विषय वा मुद्दामा सम्पादकीय लेख्नुपर्छ जुन पाठकलाई महत्व लागोस् । पाठकका इच्छा र आवश्यकता पूरा गर्ने सामाग्रीमात्र सम्पादकीयको विषयवस्तु हुन सक्छ । सम्पादकीयको विषयवस्तुको बारेमा श्रीष भण्डारीले भनेका छन् प्रभावशाली सम्पादकीपय त्यो हुन्छ जसले पाठकका साझा समस्यालाई सम्बोधन गरेको हुन्छ (भण्डारी २०६५ : १३८) । संजीव भानावतका अनुसार सामाजिक, राजनीतिक आदि परिस्थितिलाई प्रभावित गर्ने महत्वपूर्ण घटनामाथिनै सम्पादकीय लेख्न उपयुक्त हुन्छ ।

पत्रकार रामपालसिंहका अनुसार सम्पादकीयको बिषयवस्तुको मूल्याङ्कन निम्नानुसार गरिन्छ ।

- जानकारी दिने
- सर्तक गराउने
- विश्लेषण गर्ने

- शिक्षित गराउने
- मार्गदर्शन गर्ने
- सम्झाउने
- दृष्टिकोण प्रस्तुत गर्ने
- प्रेरित गर्ने
- मनोरञ्जन प्रदान गर्ने

जुनसुकै भएपनि सम्पादकीयको विषयवस्तु समसामायिक सान्र्दभिक, सर्वोपयोगी हुनुपर्दछ । विषयवस्तु छानेर गर्दा महत्व र त्यसले पार्ने प्रभावलाई ध्यान दिनुपर्छ । आलोचना गर्नु छ भने पनि शिष्ट भाषामा सौम्य आलोचना गर्नु पर्दछ । राजनीति, व्यापार र उद्योगको विषयमा सम्पादकीय लेख्नुपरेमा विषयवस्तुसँग सम्बन्धित विज्ञसँग छलफल गरेर मात्र लेख्नुपदर्छ । सम्पादकीय विषयवस्तुको वारेमा निजि विचार राख्न पाईदैन । आफुलाई थाहा नभएको विना प्रमाण कुनै पनि विषय वस्तुको वारेमा लेख्नु हुदैन ।

रोल्पा समाचार साप्ताहिकको नमुना छनोटमा परेका १० वटा सम्पादकीयमा विभिन्न विषयहरूको प्रयोग गरिएको छ । प्रशासन, राजनीति, सतर्क जानकारी, सन्देश, मार्गदर्शन, विश्लेषण, साहित्य आदि विषयमा सम्पादकीय लेखिएको छ । जसलाई निम्न तालिकाको माध्यमवाट स्पष्ट पार्न सकिन्छ ।

**तलिका नं. ४**

| विषयवस्तु | सम्पादकीय संख्या | प्रतिशत |
|---|---|---|
| प्रशासन | १ | १० |
| राजनीति | २ | २० |
| सर्तक | २ | २० |
| जानकारी | १ | १० |
| सन्देश | १ | १० |
| मर्गदर्शन | १ | १० |
| विश्लेषण | १ | १० |
| साहित्य | १ | १० |
| जम्मा | १० | १०० |

माथिको तालिका अनुसार रोल्पा समाचार साप्ताहिक सम्पादकीय विभिन्न ८ क्षेत्रका विषयवस्तुहरू समेटिएको देखिन्छ । जसमध्ये सबैभन्दा बढी अर्थात १० वटा सम्पादकीयमा राजनीतिमा २ वटा सम्पादकीय लेखिएकोछ। सर्तक गराउनेमा २ वटा वैशाख र जेठको

अंकमा सरकारको संविधान र संविधान सभाको विगठन गर्न किन आतुर छन् ? त्यस्तै असारको अङ्कमा श्रम जिवि एन कार्यान्वयन होस् र सङ्गठनात्मक कामलाई जोड देउ भन्ने २ वटा सर्तक बनाउनेमा सम्पादकीय लेखिएको छ । त्यसपछि प्रशासन, जानकारी, सन्देश,मार्गदर्शन, विश्लेषण, साहित्य जस्ता विषयमा सम्बन्धित भएर १/१ वटा सम्पादकीय लेखिएको पाइन्छ । उदाहरणका रूपमा रहेका सम्पादकीयलाई यो परिशिष्टमा हेर्न सकिन्छ ।

# अध्याय – चार

## रोल्पा समाचार साप्ताहिक सम्पादकीयमा प्रयुक्त भाषाको आन्तरिक पक्षको अध्ययन

### ४.१ शब्दभण्डार

कुनैपनि भाषामा रहेको शब्दहरूको भण्डार नै शब्दभण्डार हो । शब्द भाषाको आधारभूत तथा लघुतम एकाई हो । सामान्य तथा ध्वनिको प्रावणिक कार्यमा सघाउने अवयव कान द्वारा सुनिने सार्थक आवाजलाई शब्द भनिन्छ । एक वा एक भन्दा वढी वर्ण द्वारा शब्दको शब्दको निमार्ण हुन्छ । रचनाका दृष्टिले वाक्यमा शब्दको मुख्य स्थान हुन्छ । भाषाका आधारभुत सीपहरू, सुनाई, बोलाईमा समता बढाउन शब्दले मुख्य भूमिका खेल्दछन् । वाकक्रियाको सशक्त असम्भव हुन्छ । शब्दको विस्तार सँगै भाषको विस्तारपनि हुन्छ । भाषलाई जीवित राख्ने प्रयास गर्नु पर्दछ । अन्यथा शब्द र भाषाको अस्तित्वनै खतरामा पर्न सक्छ ।

कुनै पनि भाषामा भएका र त्यस भाषाका प्रयोक्ताले प्रयोग गर्ने शब्दहरूको समस्टिनै शब्दभण्डार हो (भण्डारी २०६०:४५) । शब्दभण्डारको सङक्षेपमा वाक्यमा कुन शब्द कुन अर्थ कसरी प्रयोग भएको छ । कुन शब्दको कसरी प्रयोग भएको छ कुन शब्दको काम के कस्तो हुन्छ भन्ने कुरा थाहा पाउन शब्द र तीनका विषयमा उपयुक्त जानकारी हुन संरचनात्मक प्रकृतिका शब्दहरूलाई आधारभुत शब्द ठानी प्राथमिकताका साथ छनोट गर्नु पर्दछ । रूपयान लिने शब्दलाई भन्दा व्युत्पादानात्मक शब्दलाई विशेष प्राथमिकताका साथ छनौट गर्नुपर्दछ । रूपयान लिने शब्दलाई भन्दा व्युत्पादानात्मक शब्दलाई विशेष प्राथमिकता दिनुपर्छ । लक्षित पाठकको रुची, क्षमता, स्तर र आवश्यकता अनुरूप शब्दहरूको छनौट, स्तरण र नियन्त्रण गरेर विचार विनिमयको क्षमता अभिवृद्धि गर्न पहल गरिनुपर्छ । भाषामा सबै शब्दहरू उस्तै प्रकारका हुदैनन् । कुनै शब्दहरू यस्ता हुन्छन् जो एउटै शब्दले पनि विभिन्न संरचनात्मक आकृति देखाउछन् । अनि त्यस्ता शब्दहरू बेग्ला बेग्लै अर्थ र अभिप्राय बहन गरेर प्रयोगमा आउछन् । प्रसङग अनुसार शब्दले दिएको अर्थ बुझ्नका लागि पनि शब्द भण्डारको महत्वपूर्ण भूमिका हुन्छ । शब्दभण्डार अन्तर्गत जति नाम वर्गका शब्दहरूमा छनौटको विकल्पहरूको सम्भावना प्रशस्त रूपमा हुन्छ, त्यति अन्य वर्गमा हुदैन । क्रियायोगी, क्रियापद, विशेषण नाम वर्गमा पर्ने कोशीय शब्दहरूको छनौटका विकल्पहरू

धेरै हुन्छन् ।सर्वनाम, नामयोगी, संयोजक, क्रियायोगी, नियात जस्ता शब्दहरू शब्दभण्डारका दृष्टिले न्युन हुन्छन् ।

संरचनागत आधारमा शब्दहरू (मूल) अव्युत्पन्न र व्युत्पन्न गरी दुई किसिमका हुन्छन् । व्युत्पन्न शब्दले कुनै पनि तत्व ( धातु प्रतिपादक र अन्यमा उपर्सग र प्रत्यय लागेर बनेका वा समास द्वित्व आदिद्वारा बनेका शब्दलाई जनाउँछ भने अव्युत्पन्न शब्दले उक्त कुनै पनि प्रकृयामा सङलग्न नभएको वा उपसर्ग प्रत्यय आदि नलागेको शब्दलाई जनाउँदछ ( अधिकारी २०६३ : ८०)।

स्रोतका आधारमा शब्दलाई तत्सम, तद्भव र आगन्तुक गरी तीन प्रकारले छुट्याईएको छ । संस्कृत भाषाबाट ध्वनि परिवर्तन नभई जस्ताको तस्तै नेपालीमा आई प्रयोक्ताले प्रयोग गर्ने शब्दहरू तत्सम हुन् भने संस्कृतबाट ध्वनि परिवर्तन भई नेपाली हिज्जे अनुसार आएका शब्द तद्भव हुन् र अन्य नेपाली भाषा वाहेकका वेमातृभाषी तथा विदेशी भाषावाट आएका शब्दहरू आगन्तुक हुन् ।

नमुना छनोटमा परेका १० वटा रोल्पा समाचार साप्ताहिक सम्पादकीय हरूलाई शब्द संरचनाको आधारमा व्युत्पन्न र अव्युत्पन्न (मूल) र स्रोतका आधारमा तत्सम, तत्भव, आगन्तुक गरी यसरी हेर्न सकिन्छ ।

### ४.१.१ संरचनाको आधारमा शब्दभण्डार

#### व्युत्पन्न शब्द

रचना वा वनौट हुने शब्दलाई व्युत्पन्न भनिन्छ । व्युत्पन्नको अर्थ वनेको वा निर्माण गरिएको भन्ने बुझिन्छ । यो अरु कुनै शब्दमा उपसर्ग प्रत्यय आदिको योग भई निर्मित वा व्युत्पादित हुन्छ (शर्मा २०५९ : ५०)। यो शब्दहरू टुक्र्याउन सकिन्छ ।

#### अव्युत्पन्न शब्द

रचना वा बनौट नहुने शब्दलाई अव्युत्पन्न वा मूल शब्द भनिन्छ । यो शब्द अरु कुनै शब्दवाट व्युत्पन्न हुदैन । यो शब्द टुक्र्याउन सकिदैन ।

रोल्पा समाचार साप्ताहिक सम्पादकीयमा भएका व्युत्पन्न र अव्युत्पन्न शब्दलाई हेर्दा व्युत्पन्न शब्दको तुलनामा अव्युत्पन्न शब्दको प्रयोग बढी भएको पाइन्छ । नमुना छनोटमा

परेका १० वटा सम्पादकीयमा भएका शब्दलाई टिपोट गर्दा जम्मा २०५१ म व्युत्पन्न १२१२ र अव्युत्पन्न ८३९ रहेको छन् । जसलाई प्रतिशतका आधारमा निम्न तालिकामा देखाउन सकिन्छ ।

**तलिका ५**

| शब्दका प्रकार | शब्द संख्या | प्रतिशत |
|---|---|---|
| व्युत्पन्न | १२१२ | ५९.१ |
| अव्युत्पन्न | ८३९ | ४०.९ |
| जम्मा | २०५१ | १०० |

उपयुक्त तालिका अनुसार रोल्पा समाचार साप्ताहिकका सम्पादकीयमा व्युत्पन्न शब्द १२१२ अर्थात ५९.१% र अव्युत्पन्न ८३९ अर्थात ४०.९% रहेको पाइयो । संरचानाको दृष्टिले व्युत्पन्न शब्दहरू विभिन्न प्रकारले बनेका छन् । उपसर्ग, प्रत्यय (कृत प्रत्यय र तद्रित प्रत्यय समास दिर्घ अनुकरणात्मक नाम धातु आदि प्रकृयावाट बनेका शब्दहरू सम्पादकीयमा प्रयोग भएकाछन् । जसको उदाहरण तल प्रस्तुत गरिएको छ ।

### १ उपसर्ग प्रक्रिया

यो+जना–योजना (भाद्र १० गते आइतबार)

प्र+मुख–प्रमुख ( भाद्र १० गते आइतबार)

अनु+शासन–अनुशासन (साउन २८ गते आइतबार)

वे+पत्ता–वेपत्ता (साउन २८ गते आइतबार)

प्र+वल–प्रवल (असार १० गते आइतबार)

सु+धार–सुधार (जेठ २८ गते आइतबार)

इ+शारा–इशारा (वैशाख १४ गते आइतबार)

### २ प्रत्यय प्रक्रिया

पारि+एको–पारिएको (भाद्र ३ गते आइतबार)

गठ+अन–गठन (साउन २८ आइतबार)

गर+आउनु–गराउनु (साउन २८ आइतबार)

हु+एको–भएको (असार ३ आइतवार)

बस+एका–बसेका -जेठ २८ आइतबार

गर+एको–गरेको (वैशाख २४ आइतबार)

लाग+इ–लागि (वैशाख १७ आइतबार)

**तद्रित प्रक्रिया**

चुनाव+इ–चुनावी (भाद्र १० आइतबार)

केन्द्र+इय–केन्द्रीय ( साउन २८ आइतबार)

नेपाल+इ–नेपाली (साउन ७ गते)

खोल+ओ–खोलो (असार १० गते)

खेत+इ–खेती (असार ३ आइतबार)

घर+एलु–घरेलु (जेठ २८ आइतबार)

संघ+यीय–संघीय (वैशाख २८ आइतबार)

**समास प्रक्रिया**

ढिलासुस्ती (वैशाख १७ आइतबार)

जनस्तर (वैशाख १७ आइतबार)

जनसंविधान (जेठ १४ गते आइतबार)

जनवादी (असार १० आइतबार)

कार्यभार (साउन २८ गते आइतबार)

**द्वित्व प्रक्रिया**

गर्मागर्मी (वैशाख १७ आइतबार)

पक्कापक्की (जेठ १४ आइतबार)

यी विभिन्न प्रक्रियावाट शब्दहरू निर्माण भएका छन् । यी शब्दहरूलाई परिशिष्टवाट पनि हेर्न सकिन्छ । संरचनाका आधारमा भएका व्युत्पन्न र अव्युत्पन्न शब्दहरूलाई नमुनाको रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

| व्युत्पन्न | अव्युत्पन्न |
|---|---|
| मओवादी | पार्टी |
| कार्यकर्ता | क्रान्ति |
| योजना | वर्ग |
| उत्तरदायित्व | सहिद |
| योजना | आम |
| प्रमुख | शही |
| सफल | दिशा |

| | |
|---|---|
| पारिएको | रोल्पा |
| साहित्यकार | व्यथा |
| वास्तविकता | हाल |
| कलमवीर | भविष्य |
| पछाडि | नयाँ |
| केन्द्रीय | चरण |
| समिति | राज्य |
| महान् | दर्ता |
| आयोग | दिन |
| गराउन | भषण |
| सम्पूर्ण | सेवा |
| अनुशासन | मूल्य |
| वेपत्ता | सत्य |
| आरोप | गति |
| शनिबार | घडि |
| विचार | यात्रा |
| वर्तमान | सुख |
| सुविधा | वहस |
| विचार | मति |
| राष्ट्रिय | फुट |
| भेला | सम्पन्न |
| निराश | देश |
| नागरिक | भरोसा |
| आन्तरिक | युद्ध |
| जनवादी | समाज |
| दुनियाँ | दर्शक |
| सहकर्मी | ऐन |
| सद्भाव | शहीद |
| वतावरण | सेना |
| कसम | घर |
| साथी | स्थल |
| जीवन | समय |
| खेती | न्याय |
| व्यवसायीक | पीडा |
| श्रमजिवी | विश्व |
| ग्यारेन्टी | वस्तु |
| पशुपालन | सभा |
| तालिम | दल |
| प्रविधि | कुर्सी |
| रोजगारी | हित |

### ४.१.२ शब्द स्रोतको आधारमा शब्दभण्डार

कुनैपनि भाषामा पाइने र प्रयुक्त हुने याबत शब्दहरूको समूहलाई शब्दभण्डार भनिन्छ । कुनै बस्तु उत्पति ठाउँ वा मुहानलाई स्रोत भनिन्छ । भाषा विज्ञानमा भाषाले जहाँबाट शब्द प्राप्ट गर्छ तयस मुहन वा ठाउँलाई स्रोत वा शब्द स्रोत भनिनछ (शर्मा २०६९:५६)। शब्द स्रोत भाषाको आफ्नै निजि पनि हुन्छ । स्रोतका आधारमा शब्दहरू मुख्यत दुइ वर्गका हुन्छन् । एउटा मौलिक शब्द र आगन्तुक शब्द ।

**क) मौलिक शब्द**

कुनैपनि भाषाको आफ्नै स्रोत र संरचना भएका शब्दलाई मौलिक वर्गमा राखिन्छ र मौलिक नेपाली शब्द मानिन्छ । संस्कृत स्रोबाट नेपालीमा आएका मौलिक शब्दलाई तत्सम र तद्भव गरी दुई प्रकारमा विभाजित गरिन्छ ।

**तत्सम शब्द**

संस्कृत भाषाबाट जस्ताको तस्तै नेपालीमा आएका शब्दलाई तत्सम भनिन्छ । यस्ता शब्दहरू लेख्दा सामान्यतया हिज्जे फेरिदैन ।

**तद्भव शब्द**

संस्कृतबाट सोझै नआई प्राकृत र अपभ्रंशको स्रोतबाट रूप फेरेर नेपालीमा आएका शब्दलाई तद्भव शब्द भनिन्छ । नेपाली भाषामा तत्सम र तद्भव शब्दको ठूलोभण्डार रहेको छ ।

**ख) आगन्तुक शब्द**

कुनै भाषामा अन्य भाषाका स्रोतबाट आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । अन्य भागबाट शब्द आउने प्रक्रियालाई आगमन भनिन्छ । यस प्रक्रियाबाट आउने आगन्तुक शब्दलाई सापटी शब्दको संज्ञा दिइन्छ (शर्मा २०५९:५७) । देश बाहिरका अन्य भाषाका साथै नेपालमा बोलिने राष्ट्रिय भाषाबाट आएको शब्दलाई पनि यसै वर्गमा राखिनछ ।

रोल्पा समाचार साप्ताहिक पत्रिकाको सम्पादकीयमा पनि तत्सम, तद्भव र आगन्तुक तीनै शब्दको प्रयोग भएको पाइएको छ । नमुना छनोटमा परेका १० वटा

सम्पादकीयको अध्ययन गर्दा सबैभन्दा बढी तत्सम त्यस पश्चात क्रमशः तद्भव र आगन्तुक शब्दहरू मध्ये केही शब्दहरूलाई उदाहरणको रूपमा निम्न तालिकामा हेर्न सकिन्छ ।

| तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|
| अग्रगामी | अगाडि | अदालत |
| अधिकार | अब | अशक्त |
| असुविधा | अखडा | आवाज |
| अनुभव | अडान | असल |
| असहमति | अन्तराष्ट्रिय | एजेण्डा |
| अग्रणी | अन्योल | एने |
| अभियान | उचित | कङ्ग्रेस |
| अथवा | एक | कारबाही |
| अनियमितता | एक्कासी | कम्युनिष्ट |
| अखण्ड | कथा | कुर्सी |
| अग्नी | काम | कोसिस |
| आवश्यक | केही | कायम |
| आन्तरिक | कुराकानी | कानुन |
| आक्रोश | किसान | खराब |
| आक्रमण | कतै | खतरा |
| आशा | कमजोरी | खारेज |
| आन्दोलन | गठन | गरिब गयारेन्टि |
| आर्थिक | गर्नु | गैरकानुनी |
| आधारभुत | घाटा | गल्ती |
| इच्छा | चुनाव | जरुरी |
| इतिहास | नुनौती | जिन्दगी |
| उदाहरण | छलफल | जोखिम |
| उपलब्धि | छानबिन | जयादै जोखिम |
| एकता | छिमेकी | तर्फ |
| ऐतिहासिक | जति | तलब |
| काम | जथाभावी | तयार |
| कार्य | जनुसुकै | तुह |
| कार्यक्रम | ढोग | तैनाथ |
| कार्यालय | ढला | दलाल |
| केन्द्रीय | ढिलो | दाबी |
| केन्द्रविन्दु | तथा | दुनिया |
| कार्य समिति | तयारी | दस्तावेज |
| कार्यन्वयन | तालिम | नारा |
| क्रान्तिकारी कार्यदल | तेस्रो | निगरानी |
| कृषि | त्यो | पार्टी |
| गणतन्त्र | थप | फरक |

| | | |
|---|---|---|
| गतिरोध<br>गम्भिर<br>ग्रामीण<br>घटना<br>घोषणा<br>चरण<br>चर्चा<br>जटिल<br>जनक्रान्ति<br>जनता<br>जनप्रतिनिधि<br>जीबन<br>टिप्पणी<br>तत्काल<br>तर्क सङ्गत<br>त्याग<br>त्रास<br>क्रान्ति<br>दुःख<br>दुर्घटना<br>दुर्भाग्य<br>नागरिब<br>नियन्त्रण<br>निर्णय<br>नीति<br>विषय<br>भविक्ष्य<br>नेता<br>परिणाम<br>परिषद<br>परिवर्तन<br>पीडित<br>प्रत्येक<br>बोध<br>महत्वपूर्ण<br>मन्त्री<br>शान्ति<br>शिर्ष<br>शुन्य<br>शोषण<br>पाडयन्त्र<br>संयुक्त | धेरै<br>दिनहुँ<br>धरातल<br>धेरैजसो<br>नयाँ<br>नाउँ<br>नेपाल<br>नौलो<br>पहिचान<br>भयो<br>लडाकु<br>लड्न<br>लागि<br>लामो<br>लिनु<br>लेखनु<br>सधै<br>सम्म<br>सानो सीप<br>लिडर<br>सरकारी<br>संविधान<br>हतियार | बहस<br>बराबर<br>बेपत्ता<br>बजेट<br>मस्यौदा<br>म्यान्डेट<br>मुद्रा<br>मौका<br>मुलुक<br>मैदान |

| | | |
|---|---|---|
| संरक्षण<br>संलग्नता<br>संशोधन<br>संसदीय<br>संस्था<br>सचेत सदस्य<br>सन्तुलन<br>सन्दर्भ<br>सर्म्पक<br>समस्या | | |

## ४.२ वाक्य कोटिका आधारमा विश्लेषण

कोटिहरूले शब्दलाई पद बनाउँछन् र वाक्यमा प्रयोगयोग्य तुल्याउँछन् । यिनीबाट व्याकरणिक अर्थ (लिङ्ग, वचन आदिको अभिव्यक्ति हुन्छ । यिनै अर्न्तगत काल, पक्ष, वाच्य, धुर्वीयताको बारेमा मात्र चर्चा गरिएको छ ।

### ४.२.१ काल

क्रियापदले वर्णण गरेको काम वा अबस्थाको समय काल हो । क्रियाको रूप र त्यस रूपमा वर्णित व्यापार वा अबस्थाको समयमाझ हुने सम्बन्धलाई काल भनिन्छ (शमा २०५९:२३४ ।यस्तो काल नेपालीमा दुई किसिमले व्यक्र हुन्छ ।

१) अभूलकाल

२) भूलकाल

**अभूतकाल**

अहिलेको समयमा हुने अबस्था, हुदै गरेको अबस्था भइसकेको, भइसकेरपनि बाँकी रहेको र पछि आउने समयमा काम हुने बुझाउने क्रियापदको समयलाई अभूतकाल भनिन्छ । अभूतकाल अर्न्तगत वर्तमान काल र भविष्यत काल पर्दछन् ।

**भूतकाल**

पहिले वा बितिसकेको समयमा काम हुने भइसकेको, हुने बानी परेको र भइसकेको कुरा पछि थाहा भएको बुझाउने क्रियापदका समयलाई भूतकाल भनिन्छ । (बराल र एटम २०६६ :११९।

नमुना छनोट परेका रोल्पा समाचार साप्ताहिक सम्पादकीयको अध्ययनको क्रममा भूतकालनि र अभूतकालीन दुवै प्रकारका वाक्यहरू प्रयोग भएको पाइयो । भूतकालको तुलनामा अभूतकालका वाक्यहरू धेरै रहेका छन् । जसलाई तालिकाको रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं ६**

| काल | बाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भूत | २४ वटा | २४.७५ |
| अभूत | ११६ वटा | ७५.२५ |
| जम्मा | वाक्य सङ्ख्या १४० वटा | १००५ |

माथिको तालिकामा हेर्दा प्रस्तुत अध्ययनमा भएको जम्मा भएका जम्मा १४० वटा वाक्यहरू मध्ये भूतकालका २४ वटा अर्थात २४.७५५ र अभूतकालका ११६ अर्थात ७५.२५५ रहेका छन् ।

भूतकालका केही उदाहरणहरू

१) केही दिन अघि शिर्ष राजनीतिक दलका नेताले राष्ट्रिय सरकार बनाउन हावा पिटे ( २०६९ वैशाख २४ गते आइतबार)।

२) संस्थापन पक्षदेख असन्तुष्ट रहेका वरिष्ठ उपाध्यक्ष मोहन बैद्यको नेतृत्वमा ने.क.पा. माओबादी पार्टीको निर्माण भयो (२०६९ असार १० गते) आइतबार ) ।

३) रोल्पा जिल्ला त्यतिबेला राज्यबाट पछाडि पारेको जिल्ला भएतापनि त्यतिबेला कलमवीरहरू नभएकोले रोल्पा जिल्लाको बास्तविकताको कथालाई बाहिर समाज अगाडि प्रस्तुत गर्न कमी थियो (२०६९ भाद्र ३ गते आइतबार)।

अभूतकालका केही उदाहरणहरू

१) साहित्कारहरू पनि जिल्लालाई चिनाउन निरन्तर लागिरहेका छन्  (२०६९ भाद्र ३ गते आइतबार)।

२) एकीकृत ने.क.पा. माओबादीको केन्द्रीय बिस्तारित बैठक शनिबार नयाँ कार्ययोजना निर्माण गर्दै सकिएको छ । (२०६९ साल साउन ७ गते आइतबार)।

३) केन्द्रीय समिति बैठकले नेताहरूको सम्पत्ति छानबिन गर्ने महान कार्यभार लिएको छ । ( २०६९ साउन २८ आइतबार)।

### ४.२.१ पक्ष

पक्ष पनि क्रियामा व्यक्त हुने व्याकरणत्मक कोटि हो । यस कोटिको सम्वन्ध क्रियाको कालसँग छ । यसलाई यस्तो वयाकरणात्मक रीत वा ढङ्ग भनिनछ । अथवा काललाई समयको सामान्य विभाजनको रूपमा र पक्षलाई त्यसको विशेष विभाजनको रूपमा भनिन्छ । अभूत कालका पक्षहरू सामान्य, अपूर्ण, र पूर्ण गरी तीन प्रकारका छन् भने भूतकालका पक्षहरू सामान्य, पूर्ण, अपूर्ण, अभ्यस्त र अज्ञात गरी ५ प्रकारका रहेका छन् ।

अध्ययनका लागि छनोट गरिएका सम्पादकीयमा रहेका कुल १४० वाक्यहरूमा सबैभन्दा धेरै सामान्य पक्ष रहेको छ। त्यपछाडि पूर्ण पक्ष अनि अभ्यस्त पक्ष, अपूर्ण र अज्ञात पक्षमा भने शुन्य रहेको देखिन्छ । जसलार्य तलको तालिकामा यसरी देखाउन सकिन्छ ।

**तालिका नं ७**

| पक्ष | बाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामान्य | ८८ वटा | ६.२९५ |
| पूर्ण | ५१ वटा | ३६.४२ |
| अपूर्ण | ० | |
| अभ्यस्त | १ | ०.७१ |
| अज्ञात | ० | |
| जम्मा | १४० | |

तालिका अनुसार सामान्य पक्षका वाक्यहरूको सङख्या ८८ अर्थात ६२.९५, पूर्ण पक्षको ५१ वटा वाक्य अर्थात १ वटा अध्यस्त पक्षको वाक्य अर्थात ०७१ अपूर्ण र अज्ञात पक्षका वाक्यहरू भेटिएनन् ।

सामान्य, पूर्ण र अभ्यस्त पक्षका उदाहरूण निम्न अनुसार प्रस्तुत गरिन्छ ।

**सामान्य पक्ष**

१) माओवादी पार्टी सत्ता सेनाको मुख्य वसोवासको जिल्ला बन्यो (२०६९ साल बैशाष २४ गते आइतबार)।

२) नेपाली जनताले तिम्रो त्यो महान् यात्रामा सहयात्री बन्नेछन् (२०६९ साउन ७ गते आइतबार)।

३) पार्टी भित्रक सङ्घर्ष चरम हुने प्रवल सम्भावना छ (असार १० गते आइतबार)।

४) साताको नेतृत्व एमाले पछि पार्टी भित्रको सुविधाको वारेमा अन्तरविरोध भयो (२०६९ साउन २८ आइतवार)।

माथिको उदाहरणमा १,२ र ४ अभूतकालका सामान्य रूप प्रयोग भएका छन् । १ मा बन्यो ३ मा सम्भावना छ, ४ मा भयो र २ मा अभूतकालको भविष्यत अन्तर्गत सामान्य पक्षलाई जनाएको पाईएको छ । प्रस्तुत उदाहरण ४ भूतकालको सामान्य पक्ष प्रयोग भएको छ ।

**पूर्ण पक्ष**

कुनै पनि काम अहिले वा वर्तमान अवस्थामा, वितेको समयमा र पछिको समयमा पूरा भइसकेको वा हुने अवस्थालाई जनाउने क्रियापदको पक्षलाई पूर्ण पक्ष भनिन्छ । पूर्ण पक्ष जनाउनका लागि धातुमा एको, एका, एकी जोडिएर क्रियापदहरू वन्दछन् । अध्ययनको क्रममा रहेका पूर्णपक्षका केही वाक्यहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ :-

१) जनसेना समायोजनको लागि अन्तिम चरण गम्भिर रूपमा छलफल गर्ने यदि नभए जनसेनालाई बोलाई शस्त्र क्रान्ति गर्न सकिने विचार व्यक्त गर्नु भएको छ (२०६९ साउन ७ गते आइतबार)।

२) नेपालको ठुलो पार्टी निर्माण गर्नको लागि सहिदहरू, रगत बगाएका बन्दी वेपत्ता भएका थिए (२०६९ साउन २८ आइतवार)।

३) पार्टी र क्रान्तिलाई यो स्तरमा लिनको लागि नेता कार्यकर्ता सङ्गठन र योजनाको महत्वपूर्ण भूमिका रहेको छ ( २०६९ भाद्र १० आइतबार)।

४) माओवादी यति छिटै फुटहुन्छ भन्ने सोचेका थिएनन् (२०६९ असार ३ गते आइतबार)।

**अभ्यस्त पक्ष**

कुनै काम पहिले वा वितेको समयमा बानी परेको वा नियमित अभ्यास भएको भए पनि अहिले नभएको अवस्थालाइ जनाउने क्रियापदको पक्षलाई अभ्यस्त पक्ष भनिन्छ । अभ्यस्त जनाउन धातुमा (थे), (थ्यौं), (थ्यो)आदि जोडिएर क्रियापद बनेका हुन्छन् । नमुना छनोटमा परेका सम्पादकीयमा अत्यन्त थोरै मात्रामा अभ्यस्त पक्षको प्रयोग भएको पाइयो । जसको उदाहरणलाई निम्न अनुसार प्रस्तुत गरिन्छ ।

१) राष्ट्रिय सरकार बनाउनु पर्दथ्यो (२०६९ वैशाख २४ गते आइतबार)।

माथि उल्लेखित वाक्यमात्र सम्पादकीय छनोटमा परेको पाइयो । धातुमा थ्यो कृदन्तीय प्रत्यय लागेर अभ्यस्त पक्षलाई जनाएको छ ।

**४.२.३ वाच्य**

वाच्यमा कर्ता, कर्म र भावका आधारमा क्रियापदको रूप परिवर्तन गर्ने तरिकालाई वाच्य भनिन्छ ।

वाच्य ३ प्रकारका हुन्छन् । कर्ता मुख्य भई कर्ताकै लिङ्ग, वचन, पुरुष र आदरअनुसार रहेको क्रियापदको रूपलाई कर्तृवाच्य भनिन्छ । कर्म मुख्य भई कर्म अनुसारको क्रियापदको रूपलाई कर्मवाच्य भनिन्छ । भाव प्रधान नभई आउने क्रियापदको रूपलाई भाव भनिन्छ ।


अध्ययनको लागि नमुना छनोट गरिएको सम्पादकीयहरूमा कर्तृवाच्य र कर्मवाच्य प्रयोग भएको वाक्यहरू भेटिए । भाव वाच्यको प्रयोग सम्पादकीयमा पाइन्न कर्तृवाच्य र कर्मवाच्यमा पनि कर्तृवाच्यको प्रयोग धेरै र कर्मवाच्यको प्रयोग भने कहीं - कहीं मात्र गरिएको छ । जसलाई तालिकामा निम्न अनुसार देखाउन सकिन्छ ।

**तालिका नं. ८**

| वाच्यका प्रकार | संख्या | प्रतिशत |
| --- | --- | --- |
| | १७२ वटा | ९०.७२ |
| कर्मवाच्य | १३ वटा | ९.२८ |
| भाववाच्य | | |
| जम्मा | १४० वटा | १०० |

अध्ययन गरिएका १४० वाक्यहरूमा कर्तृवाच्यमा प्रयोग भएका वाक्य १२७ वटा अर्थात ९०.७२% र कर्मवाच्यमा प्रयोग भएक वाक्य १३ वटा अर्थात ९.८२% वाक्यहरू रहेको पाइयो । अध्ययन अनुसार भाववाच्यको प्रयोग शुन्य रहेको छ ।

प्रस्तुत वाच्यहरूको प्रयोगको संख्यालाई वृत्त चित्रमा यसरी देखाउन सकिन्छ ।




कर्तृवाच्यका केही उदाहरणहरू

१) रोल्पा जिल्लाको साहियक भविष्य सुन्दर छ (२०६९ भाद्र ३ गते आइतबार)।

२) उजुरी दर्ता गराउन सार्वजनिक आह्वान गरेको छ (२०६९ साउन २८ आइतबार)।

३) संस्थापन पक्ष देखि असन्तुष्ट रहेका वरिष्ठ उपाध्यक्ष मोहन वैद्यको नेतृत्वमा ने.क.पा. माओवादी पार्टीको निर्माण भयो (२०६९ असार १० गते आइतबार)।

मथिको उदाहरण १,२ र ३ कर्तालाई मुख्य आधार मानेर क्रियापदको प्रयोग भएको छ । १ मा सुन्दर छ । २ मा गरेको छ र ३ मा भयो क्रिया भएकोले कर्तृवाच्यका उदाहरण हुन् ।

कर्मवाच्यका केही उदाहरणहरू:

१) प्रदेशका सवालमा दलहरूवाटै छलफल भन्दा पनि विरोध गरिएको छ (२०६९ वैशाख २४ गते आइतबार) ।

२) राष्ट्रिय सरकार घट्नाले जनतालाई हसाएकै छ (२०६९ वैशाख २४ गते आइतबार)।

३) एकृकित ने.क.पा. माओवादीको केन्द्रीय विस्तारित वैठक शनिवार नयाँ कार्ययोजना निर्माण गर्दै सकिएको छ (२०६९ साउन ७ गते आइतबार)।

४) जिल्लालाई साहित्यिक धरातलवाट नयाँ उचाईमा जाने देखिएको छ (२०६९ भाद्र ३ गते आइतबार)।

## ४.२.४ ध्रुवियता

क्रियापदबाट निषेधात्मक कार्य जनाउने व्याकरणात्मक युक्तिलाई अकरण र त्यस्तो निषेध नबुझाउनेलाई करण भनिन्छ (अधिकारी २०६३ : २२०) । ध्रुवियताको दृष्टिले करण र अकरण त्यस्ता व्याकरणात्मक र अर्थ तात्विक बनोट हुन् (शर्मा २०५९ : २५०), सकारात्मक वा हो भन्ने अर्थ बुझाउने वाक्यलाई करण भनिन्छ । वाक्यमा करण र अकरण मुख्यतः त्यसको समापक क्रियापदको अधारमा छुट्याइन्छ । प्रस्तुत अध्ययनका लागि नमुना छनोटमा भएका सम्पादकीयमा प्रयोग भएको ध्रुवीयताको स्थितिलाई निम्नानुसार तालिकामा देखाइएको छ :-


**तालिका नं. ९**

| ध्रुवियता | वाक्य संख्या | प्रतिशत |
|---|---|---|
| करण | १२४ वटा | ८८.५८ |
| अकरण | १६ | ११.४२ |
| जम्मा | १४० | १०० |

माथि उल्लेखित तालिका अनुसार अध्ययनका लागि छनोट गरिएका सम्पादकीयमा १२४ अर्थात् ८८.५८ % वाक्यहरू करण सकरात्मक प्रयोग भएको पाइयो । त्यसै गरी अकरण वा

नकारात्मक १६ वटा वाक्य अर्थात् ११.४२% वाक्यहरू अकरण रहेका छन् । जसको आधारमा यो भन्न सकिन्छ कि अध्ययनको आधारमा उक्त सम्पादकीयमा अकरण भन्दा करणका वाक्य वढी प्रयोग भएका छन् ।

सम्पादकीयमा रहेको ध्रुवीयताको प्रयोगलाई बृतचित्रमा निम्नानुसार देखाउन सकिन्छ :-




करणका केहि उदाहरणहरू

१) मानिसले अन्याय अत्याचार बोध गर्छ (२०६९ जेठ १४ आइतबार)।

२) पार्टी भित्रकै सघंर्ष चरमहुने प्रवल सम्भावना छ (२०६९ असार १० गते आइतबार)।

३) पत्रकार समाजका मार्गदर्शक हुन (२०६९ असार ३ गते आइतबार)।

अकरणका केहि उदाहरणहरू

१) २०६४ चैत्र २८ गते सम्पन्न संविधान सभाको निर्वाचनवाट गठित व्यवस्थापिकाले पहिले निर्धारित कार्यकाल २०६७ जेठ १४ गते संविधान दिन सकेन २०६९ वैशाख २४ गते आइतबार) ।

२) वुद्धि पुग्ने नेतालाई जनताको तर्फवाट केहि भन्नु छैन (२०६९ वैशाख २४ गते आइतबार)।


३) माओवादी पार्टी विभाजन नहुदा सम्पत्ति छानविनका कुरा उठेपनि कार्यान्वयनमा जान सकेको थिएन (२०६९ साउन २८ आइतबार।)

**४) माओवादी यति चाँडै फुट्छन् भन्ने सोचेका थिएनन्  (२०६९ असार ३ गते आइतबार)।**

### ४.३ वाक्यका प्रकारका आधारमा विश्लेषण

वाक्य त्यस्तो भाषिक संरचना हो, जसमा एउटा कर्ता र एउटा क्रिया हुन्छ । यो पदावली भन्दा माथिल्लो एकाई हो । यसले एक किसिमको अवधारण व्यक्त गर्छ  (अधिकारी २०६३, २७००) ।

उद्देश्य र विद्येय मिलेर रचना भएका स्वतन्त्र भाषिक एकाईलाई वाक्य भनिन्छ । बनोट र संरचनाको आधारमा वाक्य सरल संयुक्त र मिश्र गरी ३ प्रकारका हुन्छन् ।




रोल्पा समाचार साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन मध्ये वाक्यको अध्ययन महत्वपूर्ण हुन्छ । सम्पादकीयमा लेखिने वाक्यहरू सकभर छोटा र सरल हुनु पर्दछ । सरल वाक्यहरूको प्रयासले गर्दा पाठकहरू बढी आकर्षित हुने हुन्छन् । वाक्यहरू एक सासमा पढिसकिने खालका हुनु उपयुक्त हुन्छ ।

अध्ययनका लागि छनोट गरिएका सम्पादकीयमा रहेका जम्मा १४० वटा वाक्यहरू मध्ये सरल वाक्य र त्यसपछि संयुक्त वाक्य, अनि मिश्र वाक्य रहेका छन् । जसलाइ तालिकामा निम्न अनुसार देखाउन सकिन्छ ।

**तालिका नं. १०**

| वाक्यका प्रकार | वाक्यका संख्या | प्रतिशत |
|---|---|---|
| सरल | ८६ | ६१.४२ |
| संयुक्त | २८ | २० |
| मिश्र | २६ | १८.५८ |
| जम्मा | | १०० |

माथिको तालिका अनुसार रोल्पा समाचार साप्ताहिक सम्पादकीय नमुना छनोट परेका सम्पादकीय १४० वाक्यहरू मध्ये जटिल वाक्य भन्दा सरल वाक्यको प्रयोग वढी भएको देखिन्छ । अध्ययन अनुसार ८६ वटा वाक्य अर्थात ६१.४२ प्रतिशत सरल वाक्य २८ अर्थात् २० प्रतिशत र मिश्र २६ अर्थात् १८.५८ प्रतिशत रहेका छन् ।

सरल, संयुक्त र मिश्र वाक्यका उदाहरणलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**सरल वाक्य**

१) तत्काल सरकार पनि नबने संबिधान पनि नबन्ने अवस्थाले देशलाई दुर्घटना तिर दोराई राखेको छ (२०६९ वैशाख २४ आइतवार) ।

२) शनिवार राति सम्मको बैठक निष्कर्ष विहिन बनेको छ (२०६९ वैशाख २४ आइतबार) ।

३) २ वर्षमा नेपाली जनताको बिचमा संविधान लिने कुरा व्यक्त गरेको थिए (२०६९ वैशाख २४ गते) ।

४) नेपालको संविधान नबन्ने पक्का पक्की भएको छ (२०६९ जेठ १४ आइतबार) ।

**संयुक्त वाक्य**

१) शान्ति र सरकारमा गएपछि कम्युनिष्ट फुटको सङ्घारमा पुग्छन् (२०६९ असार १० आइतबार) ।

२) पार्टी र क्रान्तिलाई यो स्तरमा लिनको लागी नेता, कार्यकर्ता सङ्गठन योजनाको महत्वपूर्ण भूमिका रहेको छ (२०६९ वैशाख २४ गते) ।

३) संविधान निर्माण होस भन्ने आशमा बसेका जनतालाई दुःख बनाएको छ (२०६९ वैशाख २४ गते आइतबार) ।

मिश्र वाक्य

१) जनसेना समायोजनको लागि अन्तिम चरणमा गम्भिर रूपमा छलफल गर्ने यदि नभए जनसेनालाई बोलाई शसक्त क्रान्ति गर्न सकिने विचार व्यक्त गर्नु भएको छ (२०६९ साउन ७ आइतबार) ।

२) पार्टी विभाजनको एउटा कारक तत्व त्यो पनि हुने पुग्यो (२०६९ साउन २८ गते आइतबार) ।

३) नेपाली जनताले तिम्रो त्यो महान् यात्रामा सहयात्री बन्नेछन् (२०६९ साउन ७ गते आइतबार) ।

४) त्यो क्रान्ति विजय सुनिश्चिततासँग थियो यिनै विषयले पार्टी फुटायो (२०६९ असार १० गते आइतबार) ।

## अध्याय पाँच

## निष्कर्ष र सुझाव

प्रस्तुत शोधपत्रको उद्देश्य संरचना, विषयवस्तु, शैली, शीर्षक, वाक्य शब्दभण्डार वाक्यकोटिको आधारमा रोल्पा समाचार पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन रहेको छ । यस शोधमा नमुना छनोटमा परेका १० वटा सम्पादकीयको एकै साथ अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । तालिकाको नतिजालाई अझ स्पष्ट पार्नको लागि कुनै-कुनै ठाउँमा वृत्तचित्र द्वारा विश्लेषण गरिएको छ । यो अध्यायमा अध्ययनका निष्कर्ष र सुझावहरूलाई उल्लेख गरिएको छ ।

### ५.१ निष्कर्ष

क) सम्पादकीयको संरचनाको आधारमा अध्ययन गर्दा रोल्पा समाचार साप्ताहिक सम्पादकीयहरू १ देखि  अनुच्छेद ५ अनुच्छेदसम्म संरचित भएको पाइएको छ । १ अनुच्छेदमा संरचित सम्पादकीय संख्या ३ वटा  अर्थात ३०%, २ अनुच्छेदमा ४ वटा सम्पादकीय अर्थात ४०%, ३ अनुच्छेदमा २ वटा अर्थात २०%, ५ अनुच्छेदमा १ वटा सम्पादकीय अर्थात १०% रहेका छन् ।

ख) अध्ययन गरिएका सम्पादकीयहरू विभिन्न ६ शैलीमा संरचित छन् । जसमा आलोचना १ वटा प्रश्न ३ वटा, अनुरोध १ वटा, विश्वास १, भविष्यवाणी १ गरी फरक फरक शैलीमा सम्पादकीय लेखिएको छ ।

ग) सम्पादकीयका शीर्षकहरू २,३,४,६ वटा शब्दमा संरचित भएकाछन् २ शब्द १० प्रतिशत ३ शब्द २० प्रतिशत ४ शब्द  ६० प्रतिशत ६ शब्द १० प्रतिशत गरी जम्मा १०० प्रतिशतमा संरचित भएको पाइएको छ ।

घ) विषयवस्तु प्रयोगका दृष्टिले रोल्पा समाचार साप्ताहिक पत्रिकाको सम्पादकीयमा ८ क्षेत्रका विषय लेखिएको छ । जसमा सवैभन्दा वढी प्रशासन र राजनीति सम्बन्धि रहेका छन् । प्रशासनमा २ वटा अर्थात २० प्रतिशत र राजनीतिमा २० प्रतिशत गरी ४० प्रतिशत र अन्य ६ वटा विषय सतर्क, जानकारी, सन्देश, मार्गदर्शन, विश्लेषण, साहित्य गरी १/१ वटा सम्पादकीय लेखिएको छ ।

ङ) रोल्पा समाचार साप्ताहिक सम्पादकीयमा प्रयुक्त कुल २०५१ शब्द मध्ये १२१२ व्युत्पन्न अर्थात् ५९.१ प्रतिशत अव्युत्पन्न ४०.९ प्रतिशत वा ८३९ शब्दहरू रहेका छन् । शब्दस्रोत आधारमा सम्पादकीय सबैभन्दा धेरै तत्सम र त्यसपछि तद्भव र आगन्तुक रहेकाछन् ।

च) सम्पादकीयमा भूतकालको तुलनामा अभूतकालको प्रयोग धेरै भएको देखिन्छ । अध्ययन अनुसार नमुना छनोटका१४० वटा वाक्यहरूमा २४.७५ प्रतिशत अभूतकालका वाक्यहरू प्रयोग भएका छन् ।

छ) अध्ययन अनुसार रोल्पा समाचार सम्पादकीयमा सामान्य पक्षको सबैभन्दा धेरै रहेको छ । त्यस पछि पूर्ण पक्षको अपूर्णको छैन अभ्यस्त पक्षको एकवटा प्रयोग गरिएको छ भने अज्ञानताको छैन । यसमा क्रमश सामान्य ८८ वटा पूर्णमा ६१ अपूर्ण ० अभ्यस्तमा १ र अज्ञातमा ० रहेको पाईन्छ । कुल वाक्य संख्या १४० थियो ।

ज) सम्पादकीयमा कर्तृवाच्यको प्रयोग बढी भएको छ । जसमा ९०.७२% छ भने कर्मवाच्य ९.२८% अर्थात १२७ वटा कर्तृवाच्य र कर्मवाच्य १३ वटा रहेको छ भने भाववाच्यको प्रयोग ० भएको पाइन्छ ।

झ) ध्रुवियताको आधारमा सम्पादकीयको अध्ययन गर्दा अकरण वा नकरात्मक वाक्य भन्दा सकारात्मक वाक्यको प्रयोग वढी भएको पाइयो । सम्पादकीयमा ८८.५८ प्रतिशत करण ११.४२ प्रतिशत अकरण रहेका छन् ।

ञ) वाक्यको प्रयोगको दृष्टिले रोल्पा समाचार साप्ताहिक पत्रिकामा जटिल वाक्यको तुलनामा सरल वाक्यको प्रयोग बढी भएको पाइयो । नमुना छनोटमा परेका कुल १४० वटा वाक्यहरू मध्ये सरलमा ६१.४२ प्रतिशत भने संयुक्तमा २० प्रतिशत र मिश्रमा २६ गरी १४० वटा वाक्यहरूको अध्ययन गरिएको छ ।

## ५.२ सुझाव

क) अध्ययनमा सम्पादकीयहरू १ देखि ५ अनुच्छेदसम्म संरचित देखिन्छन् । सम्पादकीयहरू ३ देखि ४ अनुच्छेदमा संरचना गर्न उपयुक्त मानिन्छ ।

ख) सम्पादकीयका अनुच्छेदमा धेरै वाक्यहरू प्रयोग भएको छ । एउटा अनुच्छेदमा ३ देखि ५ वटा वाक्यहरू रहन उपयुक्त मानिन्छ । तर अनुच्छेद अध्यया १४ वटा सम्म वाक्यसम्म प्रयोग भएका छन् । जसलाई कम गर्न उपयुक्त  हुन्छ ।

ग) सम्पादकीय लेख्दा आलोचनात्मक ढङ्गले लेखिनु हुदैन ।

घ) सम्पादकीय सरल वाक्यमा लेखिनु राम्रो हुन्छ । अध्ययनमा जटिल वाक्यको प्रयोग पनि सरल भन्दा कम भएता पनि धेरै भएको छ । जसलाई कम गनुपर्ने देखिन्छ ।

ङ) असमापिका क्रिया प्रयोग गरी सरल वाक्य पनि लामा बनाइएका छन् । सरल वाक्य सङ्क्षिप्त र सामान्य हुन आवश्यक देखिन्छ ।

## ५.३ भावी अनुसन्धानका शीर्षकहरू

क) व्यानरमा लेखिने सूचनामा प्रयुक्त भाषाको अध्ययन

ख) खेलकुद समाचारमा प्रयुक्त भाषाको अध्ययन

ग) बाल बोलीमा बोलिने प्रयुक्त भाषाको अध्ययन

## सन्दर्भ सामग्रीसूची

अधिकारी,हेमाङ्गराज (२०६६), समसामयिक नेपाली व्याकरण विद्यार्थी भण्डार काठमाडौं ।

अधिकारी , चन्द्र विशाल (२०६२), आम सञ्चार पत्रकारिता सिदान्त र प्रयोग चितवन नारायण अधिकारी प्रकाशक ।

अधिकारी, निर्मलमणि (२०६३), आम सञ्चार र पत्रकारीता काठमान्डौं प्रशान्ति प्रकाशन ।

शर्मा, ज्योत्सना (२०६६–०६७), विज्ञापनको नेपाली भाषा एक अध्ययन ( अप्रकाशित शोधपत्र कीर्तिपुर, नेपाली केन्द्रिय विभाग) ।

खनाल, चिरञ्जीवी (२०५७), सम्पादन सहयोगी काठमाडौं नेपाल प्रेस इन्सिच्युट ।

खनाल, श्रीराम (२००८), आम सञ्चार र पत्रकारिता काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्ति प्रसाद (२०६३), सामान्य भाषा विज्ञनान काठमाडौं विद्यार्थी पुस्तक भण्डार ।

तिमल्सिना, शिवप्रसाद गोरखा पत्रको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन (अप्रकाशित शोध पत्र कीर्तिपुर नेपाली शिक्षा विभाग) ।

ढुङ्गाना, गङ्गा (२०६६), नेपाली दैनिक समाचारहरूमा प्रयुक्त भाषाको अध्ययन (अप्रकाशित शोध पत्र कीर्तिपुर नेपाली शिक्षा विभाग) ।

रोल्पा समाचार साप्ताहिक (२०६९), साल वैशाख १५ गतेदेखि भाद्र १५ गतेसम्मको फरक - फरक अङ्क - रोल्पा अप्सेट प्रेस) ।

नेपाल, शक्तिराज (२०६७), नेपाली समाचार पत्रको कार्टुन स्तम्भमा प्रयुक्त नेपाली भाषाको अध्ययन (अप्रकाशित रोध पत्र कीर्तिपुर नेपाली शिक्षा विभाग) ।

पन्थी, लक्ष्मीकान्त (२०३३), नेपाली साहित्यको विकासमा गोरखा पत्रको योगदान सम्वत १९५९ देखि १९९१ सम्म (अप्रकाशित शोधपत्र कीर्तिपुर नेपाली शिक्षा विभाग) ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६) नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास, (दोस्रो संस्करण काठमाडौं) ।

बराल, पूर्णचन्द्र (२०६४) नेपाली दैनिक समाचार पत्रहरूमा पाइएका वर्णविन्यास सम्बन्धि त्रुटिहरूको अध्ययन, अप्रकाशित शोधपत्र (कीर्तिपुर नेपाली शिक्षा विभाग) ।

भण्डारी, पारसमणि (२०६०), प्राथमिक तहका विद्यार्थीहरूको आधारभूत नेपाली शब्दण्डारको निरूपन (विद्यावारिधि शोधमन्य किर्तिपुर, नेपाली शिक्षा विभाग) ।

तिमल्सिना, रन्जिताकुमारी (२०६९), हिमाल खबरपत्रिकाको सम्पादकीयमा  प्रयुक्त नेपाली भाषाको अध्ययन, अप्रकाशित शोधपत्र (कीर्तिपुर नेपाली शिक्षा विभाग) ।